कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

*KIRTIPUR SANDESH WEEKLY* साप्ताहिक

वर्ष ४ अंक ५ (संयुक्तांक १५९) नेपाल सम्वत ११३४ यंलाथ्व दुतिया वुधवाः २०७१ भाद्र ११ गते बुधवार, २७ अगस्त २०१४ मूल्य रु.५/-


## हार्दिक बधाई

प्रज्ञा प्रतिष्ठान कमलादीमा Radient Event Management Agency द्वारा आयोजित Adventucher's Beauty Contest मा चिथु, कीर्तिपुर–३ का **स्वर्णिमा शाक्य** Himalayan Princess Nepal –2014 पदवी जित्न सफल हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

स्व र्णि मा



शा क्य

विजेन महर्जन
Mobile Market 'N' Klinic
लोकतान्त्रिक चोक, कीर्तिपुर-३

Ace Multi Solution Tech Pvt. Ltd
कालिमाटी, काठमाडौं
Asha_ya Nepal
कीर्तिपुर

# खिम्ति ढल्केवर २२० के.भि. विद्युत प्रसारण लाई विनासकारी विकास



**गोकुल भुजेल**
**फोकल आदिवासी मानव अधिकार प्रतिरक्षक लाहुर्निप**

**आदिवासीहरुको संयुक्त राष्ट्र संघीय घोषणा पत्रले भनेको स्वतन्त्र पूर्व मञ्जुरी र सहमतिको अधिकार (एफपीआइसी) र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ बमोजिम परामर्स तथा आदिवासीहरुको भूमि माथिको अधिकार गम्भिर रुपमा उलंघन भएको छ।**

विकासको परिभाषा सामान्य अर्थमा भन्दा अर्थपूर्ण सार्थक सकारात्मक परिवर्तन हो । विकास मानव हितकारी हुनू पर्दछ । यसले सकेसम्म कसैको केही पनि विनास गर्नु हुँदैन र हुनसक्ने जोखिम वा प्रभावको वारेमा अधिकतम न्यूनिकरण गरेर मात्रै विकास प्रक्रिया जनसहभागितामूलक प्रक्रियाबाट अघि बढाउनु पर्दछ। जसले गर्दा मानिसहरुले विकास भनेको हाम्रो लागि हो भन्ने वातावरण सिर्जना गर्न सकोस अनि मात्रै दिगो विकास हुन सक्तछ। विकास गर्दा देशको संविधान, कानुन, ऐन, नियम, राज्य पक्ष भएका महासन्धिहरुलाई ध्यानमा राखेर गर्न आवस्यक हुन्छ । जसले गर्दा कानूनि हैसियतले दिगोपना हासिल गर्न सक्तछ । नेपालको सन्दर्भमा हेर्दा नेपालको घरेलु कानूनहरु, मानव अधिकारको विश्व व्यापी घोषणा पत्र, विश्वका आदिवासीहरुका लागि संुयुक्त राष्ट्रसंघी घोषणा पत्र र अन्तर्राष्ट्रिय श्रमसंगठन महसन्धि नं. १६९ को पालना गर्नै पर्दछ।

"खिम्ती(ढल्केवर २२० के.भी. प्रसारण लाइन आयोजना" नेपालमा निर्माणाधिन २२० के.भी. को पहिलो प्रसारण लाइन आयोजना हो । यस आयोजनालाई विश्व बैंकले लगानी गरेको छ । यस आयोजना को लागि विश्व बैंक को ५०.४ मिलियन ऋण र २५.२ मिलियन अमेरिकी डलर ग्रान्टबाट निर्माण हुदै छ । यो परियोजना स्विकृति २२ मे, २००३ मा भएको हो र सोही समयदेखि नेपाल सरकारले निर्माण कार्य सुरु गरेको थियो । विश्व बैंकद्धारा लगानीयुक्त कुनैपनि आयोजनाहरु कार्यान्वयन गर्दा नेपालको प्रचलित ऐन, नियम तथा विश्व बैंकका वातावरण तथा सामाजिक सुरक्षा नीति/मार्गदर्शनहरुको पूर्ण पालना गर्नुपर्ने हुन्छ। यो आयोजना नेपालको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अंचलमा अवस्थित छ। यस आयोजना अर्न्तगत जनकपुर अंचलको ५ जिल्लाहरु (दोलखा, रामेछाप, सिन्धुली, महोत्तरी तथा धनुषा) पर्दछन् । र सबैभन्दा वढी सिन्धुली जिल्लामा यसको मार्ग पर्दछ। प्रसारण लाईन खिम्ती सवस्टेशन नजिकैको किर्नेटारबाट शुरु भई ढल्केवर सवस्टेशनमा गएर सकिन्छ । यस आयोजना मार्गमा ५ जिल्लाका १६ गा.वि.स.हरु तथा १ नगरपालिका पर्दछन्। यस आयोजनामा निर्माण गर्नु पर्ने कूल १८८ वटा टावरहरु मध्ये १ दोलखा जिल्ला, ५२ रामेछाप, ८२ सिन्धुली १२ महोत्तरी तथा ४१ धनुषा जिल्लामा रहेका छन्।

खिम्ति ढल्केबर २२० के.भि. विद्युत प्रशारण लाइन जलविद्युत विकासको एउटा मेरुदण्ड हो। जसले नेपालको बृहत्तर विकासमा टेवा पऱ्याई नेपाली जनताको आर्थिक समाजिक विकासमा परिवर्तन ल्याउनेछ भनिन्छ । तर यो निर्माणको लागि सुरुदेखिन हाल सम्मन अबलम्बन गर्नु पर्ने आधारभूत कार्यमा आयोजना सञ्चालन गर्ने संयन्त्रहरु चुकेका देखिन्छन्। यो आयोजना सञ्चालनको लागि पर्याप्त अध्ययन नगरेको र सार्वजनिक सुनूवाई रामेछापको मन्थली र धनुषाको ढल्केबरमा मात्रै गरेको तर सिन्धुलीमा नगरेको प्रभावित समुदायको पिडितहरु बताउछन् । जसले गर्दा सिन्धुलीको प्रभावित समुदायका पिडितहरुले यो आयोजनाले आफुहरुलाई प्रभाव पार्छ भन्ने कुरा बुझे पछि कयौं पटक जिल्ला प्रशासन कार्यालय, प्रधानमन्त्रिको कार्याल तथा राजनीतिक दलहरुमा आफ्ना चासो तथा गुनासोहरु शान्तिपूर्ण रुपमा प्रेस विज्ञप्तिहरु, ज्ञापन पत्र तथा डेलिगेसन मार्फत प्रस्तुत गर्दा सुनुवाई भएन र पिडितहरुले कानूनि रुपमा आधारभूत मानव अधिकार हनन भएको विषयलाई लिएर राष्ट्रिय मानव अधिकार आयोग तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी र सर्वोच्च अदालतमा मुद्दा गरेको थिए। साथै विश्व बैंकको सुरक्षण नीतिहरुको गम्भिर उलंघन भएको र आफ्नो चासोहरु उल्लेख गर्दै विश्व बैंकको स्वतन्त्र उजुरी सुन्ने निकाय इन्सपेक्सन प्यानलमा उजुरी पनि गरेका थिए । इन्सपेक्सन प्यानलबाट २०७० सालको असोजमा प्रारम्भिर निरिक्षण गरी उनिहरुको प्रतिवेदन मार्फत आयोजना सञ्चालन पक्ष विश्व बैंक व्यवस्थापन समुह र नेपाल विद्युत प्राधिकरणलाई पिडितहरुको गुनासो बमोजिम आयोजनाको कार्यनीति सच्याउन भनिएको थियो। सो बमोजिम नभएको पाए पछि इन्सपेक्सन प्यानले २०७१ साउन ६ देखि ९ गतेसम्म सिन्धुलीको उजुरीकर्ताहरुको प्रभावित क्षेत्रमा डिटेल इन्भेष्टिगेसन गरिसकेको छ।

आयोजनाबाट सिन्धुलीका प्रभावित समुदायहरुमध्ये १०३ जनाले उजुरी गरेका थिए। उजुरी कर्ताहरुको अनुसार खिम्ती(ढल्केवर २२० के.भि.विद्युत प्रसारण लाइनले विभिन्न नीति उल्लंघन गरेको छ। पिडितहरुको अनुसार

(१) सूचना र परामर्श बारे विश्व बैंक र नेपाल विद्युत प्राधिकरणले परियोजनाको संरचना (डिजाइन) प्रभाव, बैकल्पिक रुट, उजूरी गर्ने–हरुकालागि पुर्नवास योजना, सम्भावित विस्थापनमा पर्ने मानिसहरुको विषयमा परियोजना निर्माणको स्वीकृत लिन अगावै पूर्ण जानकारी दिएन । बातावरण प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्दा प्रभावित मानिसहरुको अवधारणा/विचार लिइएन। परियोजना संचालन गर्दा, विश्व बैंक र विद्युत प्राधिकरण परियोजनाले प्रभावित बनाएकाहरुलाई परियोजनाको असर/प्रभाव को वारेमा जानकारी दिने र परार्मश दिने काम गरेन। पुर्नवासको योजना, कार्यान्वयन र मुल्यांकन गर्दा, विश्व बैंक र विद्युत प्राधिकरणले सम्भावित विस्थापनमा पर्नेहरुलाई पुर्नवासको वारेमा सुचना दिइएन र परामर्श गरिएन । विद्युत प्राधिकरणले उपयुक्त र सहज पहुँच हुने गरी गुनासा सुन्ने संयन्त्र बनाएन।

(२) आदिवासी जनजाति सम्बन्धी विद्युत प्राधिकरणले आदिवासी रहेका छन् वा छैनन् भन्ने बारेमा परियोजना क्षेत्रमा खोजी गरेन । विद्युत प्राधिकरणले आदिवासी जनजाति उजूरी कर्ताहरुलाई प्रत्यक्ष परामर्श गरी उनीहरुको उजूरीको विषयमा बुझाउने काम गर्न सकेन । विद्युत प्राधिकरणले प्रभावित आदिवासी जनजातिलाई पार्ने असरको विषयमा सामाजिक प्रभाव मुल्यांकन गरेन । आदिवासी जनजातिलाई पार्ने नकरात्मक असर न्युनीकरण गर्ने र जोगाउने कुनै उपाय अवलंवन गरेन। विश्व बैंक र विद्युत प्राधिकरणले आदिवासी हरुको बृस्तृत सहयोग नलिई परियोजना संचालन गऱ्यो ।

(३) परियोजनाबाट प्रभावित जनताहरुलाई पार्ने हानी सम्बन्धमा हालको विद्युत प्रसारण लाइनको रुटले भौतिक र आर्थिक विस्थापन पार्ने कारणलाई न्यूनीकरण/कम गर्दैन । विश्व बैंक र विद्युत प्राधिकरणले उजूरीकर्ताहरुलाई सूचना र परामर्श दिने काम नगरेकोले स्वस्थ्यमा असर पर्ने बारे अन्यौलता बढेर विद्यालयबाट विद्यार्थीहरु निकाल्ने गरेका छन्। विद्युत लाइनले साँस्कृतिक सम्पदाः मन्दिर, गढी आदिलाई नकरात्मक असर गर्छ। प्रभावितहरुको विरुद्धमा सुरक्षाकर्मी लगाएर संघातिक आक्रमण गरियो। विश्व बैंक र विद्युत प्राधिकरणले उजूरीकर्ताहरुलाई electric and magnetic fields (EMFs) विद्युतीय विकिरणको प्रभावमा नपार्ने र असर कम गर्ने कुनै उपाय गरेन। त्यसवाट बच्ने उपायहरु जानकारी विहिन छ।

(४) क्षतिपूर्ति बारेमा विश्व बैंक र विद्युत प्राधिकरणले क्षतीपूर्ति दिन अगावै विस्थापन गरिँदैन भन्ने कुरा सुनिश्चित गरेनन् । उजूरीकर्ताहरुलाई क्षतीपूर्ति स्वीकार गराउने धोका दिने र जालसाजी गरिएको छ। विश्व बैंक र विद्युत प्राधिकरण विस्थापनमा परेका उजूरीकर्ताहरुलाई उचित क्षतीपूर्ति दिइएन । क्षतिपूर्तिका प्याकेज सही प्रकारको छैन।

(५) कार्ययोजना ब्यवस्थापनको बारे उजूरीकर्ताहरुलाई परामर्श नगरी एकतर्फी ढंगले विश्व बैंक र विद्युत प्राधिकरणले कार्ययोजना बनायो। बनाएको कार्ययोजना अधुरो छ। कार्ययोजनाले लाईनबाट असर पारेका उजूरी कर्ताहरुको तत्काल सम्बोधन गर्नु पर्ने सरोकार र समस्यालाई वेवास्ता गरेको छ । लाइनको दुवैतिर RoW बाहिर परेका मानिसहरुलाई प्रभावित भनेर मानेको छैन । सञ्चार समाग्रिहरु एक अर्कामा बाँझिने खालका छन भने पिडितहरुलाई ती सञ्चार सामग्रिहरु बाँडिएको छैन । कार्ययोजना बनाउदा धेरै विषयहरु- संकटाभिमूख समुदाय विकास योजना/भीसीडिपी र ए आर ए पी र सुचनाका दस्तावेज वनाउदा) पर्याप्त परामर्श र सुचनाका संयन्त्र संलग्न गर्न छुट्याइएको छ र किर्ते गरी यसको परिमार्जन गरिएको पाइएको छ । विश्व बैंक र विद्युत प्राधिकरण कार्ययोजना गर्छु भनेका प्राय सबै कुराहरु गर्नबाट चुकेका छन् । कार्ययोजनामा गर्छु भनेका प्रतिबद्धताहरुमा विषेश सुचना विज्ञ र अक्सर सोधिने प्रश्न बनाउने र सुचनाका पम्प्लेट मात्र बनाएको जानकारी छ। विश्व बैंक र विद्युत प्राधिकरणले उजूरीकर्ताहरुलाई कार्ययोजनाका बारेमा परामर्श र जानकारी दिएका छैनन्। उजूरीकर्ताहरु, पिडितहरुसँग विद्युत प्राधिकरण र विश्वबैंकको वीचमा कार्ययोजनाको अवस्थाका विषयमा कुनै छलफल भएन, कार्ययोजना बनाएको धेरै महिनासम्म बनाए नबनाएको विषयमा जानकारी दिइएन थिएन। विश्व बैंक र विद्युत प्राधिकरण उजूरीकर्ताहरुले दिएको सुझाव लिने, उजूरीमा उठाइएको अर्थपुर्णरुपले सुचना र परार्मश दिनुपर्ने कुराबाट चुकेको छ। आजको मितिसम्म, विश्व बैंकको मापदण्ड अनुरुप कुनै परामर्श गरिएको छैन। विश्व बैंक फेब्रुवरी र मार्च २०१४ को अन्तिममा परामर्श गर्न चुकेको छ। बैठकहरुमा, विश्व बैंकका कर्मचारीहरुले समूदायलाई होच्याउने ब्यवहार देखाएको, उजूरीलाई गलत रुपमा चित्रण गरेको क्षतिपूर्तिलाई मुख्य कुरा बनाउन खोजेको, जनताले सोधेको प्रश्नको उत्तर नदिएको र मानिसहरुको उदासिनता र आवेशलाई गलत तरिकाले ब्याख्या गरेको जो परियोजना संचालकहरुलाई हिंसात्मकरुपमा धम्की दिएको आरोप लगाएको थियो। संचारका सामाग्री, ब्रोसर्स बनाउँदा र अक्सर सोधिने प्रश्नावली बनाउदा प्रभावितहरुलाई परामर्श गरिएन। कार्ययोजना कार्यान्वयनको विषयमा कुनै जानकारी दिइएन। सुधार गरिएको पुर्नवबास सम्बन्धी समाग्री प्रभावित र आदिवासी समुदायलाई सुनाइएन।

६) क्षतिपूर्ति उपलब्ध गराउने र समस्यामूलक जग्गा अधिग्रहण क्रियाकलापको सम्बन्धमा क्षतिपूर्ति वितरण गर्ने कार्यहरु उजूरीकर्ताहरुलाई पर्याप्त सुचना तथा जानकारीहरु नदिइ र सहमति विना गरियो। जवरजस्ती र करकापपूर्ण तरिकाले जग्गा अधिग्रहण गरियो। पिडितहरु विना सहमति अधिग्रहण गरिएका जग्गा फिर्ता गर्न चाहान्छन् । विद्युत प्राधिकरणले त्रुटीपूर्ण तरिकाले जग्गा धनीहरुको अनुपस्थितिमा मुआब्जा नदिइएका जग्गाहरु (मुआब्जा दिनपर्ने) छुट्ट्याउने काम गऱ्यो। खासगरी सिन्धुली जिल्ला आदिवासीहरुको सम्बन्धमा संवेदनिशल जिल्ला हो। यस आयोजनाबाट लोपोन्मुख हायू जातीलाई प्रतिकुल प्रभाव पारेको छ । त्यसै गरी माझी, तामाङ, मागर र नेवार समूदायलाई प्रतिकुल प्रभाव पारेको छ । यो आयोजना विद्यालयहरु, धार्मिक तथा साँस्कृतिक स्थालको अति नजीक र ऐतिहासिक स्थालबाट नजिक भएर निर्माण हुन्छ। यस परियोजनाको बारेमा स्थानिय सममूदायले बुझ्ने भाषामा कुनै पनि सुचना सामग्रिहरु र परामर्स कहिल्यै गरेको छैन । जवर्जस्ति प्रहरी परिचालन गरी स्थानिय समुदायको महिलाहरुलाई कुटपिट गरी जग्गा अधिग्रहण गरेको छ। यो सबै कुारहरु हेर्दा परियोजनाले नेपालको संविधानद्वारा प्रदत्त आधारभूत मानव अधिकर सचनाको हक, त्यसै गरी स्थानिय समुदायको कृषिजन्य उर्वर भूमि र शहरिकरण उन्मुख कमलामाई नगरपालिकाबाट यो आयोजना निर्माण गरिने भएको हुँदा स्थानिय समूदायको पनि गम्भिर रुपमा अधिकार हनन भएको छ । जसले गर्दा यो आयोजनाले विकानसकारी विकासको संज्ञा पाएको छ। आदिवासीहरुको संयुक्त राष्ट्र संघीय घोषणा पत्रले भनेको स्वतन्त्र पूर्व मञ्जुरी र सहमतिको अधिकार (एफपीआइसी) र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ बमोजिम परामर्स तथा आदिवासीहरुको भूमि माथिको अधिकार गम्भिर रुपमा उलंघन भएको छ।

कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ४ अंक ५ (संयुक्तांक १५९) नेपाल सम्वत ११३४ यंलाथ्व दुतिया वुधवाः २०७१ भाद्र ११ गते बुधवार, २७ अगस्त २०१४ मूल्य रु.५/-

# 'अन्ततः कार्यतालिका अनुसार नहुनेनै भयो'



**कीर्तिपुर सन्देश/**

प्रमुख राजनीतिक दलहरुवीच संविधान निर्माणको कार्यतालिका अनुसार भदौ २१ गते भित्र संविधान निर्माणका लागि विवादित विषयमा समेत सहमति कायम गर्ने सहमति थियो । संविधान निर्माणको सवालमा विवादित मूल विषय भनेको राज्य पुनर्संरचना, शासकिय स्वरुप, निर्वाचन प्रणाली र न्यायपालिकाको सवाल हो । सो विषयमा दलहरुवीच भदौ महिनाको पहिलो हप्तादेखि मात्र छलफल सुरु भएको छ । दलहरुले आ-आफ्नो धारणालाई विगतमा जस्तै यथावत राखेको अवस्था छ । यस्तो अवस्थामा विवादित विषयमा कुनै पनि हालतमा भदौ २१ गते भित्र सहमति गर्न सकिने अवस्था छैन। त्यसैले कार्यतालिका अनुसार भदौ महिना भित्र नयाँ संविधानको प्रस्तावित खाका समेत ल्याउन सक्ने अवस्था हुदैन ।

दलहरुवीच वार्ता र छलफल गरि कार्यतालिका समेत परिवर्तन गर्दै जाने गृहकार्य समेत दलका नेताहरुले सुरु गरिसकेको अवस्था छ । सूत्रले दिएको जानकारी अनुसार संविधानसभाको दोस्रो निर्वाचनवाट जनताले ४ बर्षका लागि म्याण्डेट दिएको भन्दै कार्यतालिका परिवर्तन गर्ने र सहमतिको आधारमा संविधान निर्माण गर्नका लागि भन्दै लगातार रुपमा संविधान जारी गर्ने मितिलाई पर सार्दै लान दलका नेतहरु बाध्य हुने अवस्था आएको छ। पहिलो संविधानसभामा पनि विवादित विषयमा सहमतिको नाममा संविधानसभाको म्याद थप्दै गएको र अन्ततः संविधानसभालाई नै विघटन गर्ने सम्मको अवस्था आएको हो ।

अहिले दलका नेताहरुले सार्वजनिक रुपमा एक बर्षभित्र संविधान जारी गर्ने भनिएतापनि अहिलेसम्म पनि संविधानसभालाई पूर्णता समेत दिन नसकिरहेको र दलहरु वीच विगतमा भएको सहमतिलाई लिएर विवाद हुँदै गएको अवस्था छ। कांग्रेस, एमाले र एकीकृत माओवादी वीच उच्चस्तरीय राजनीतिक समिति बनाउने, चुनावमा धाँधली भएको विषयमा छानविन गर्न संसदीय सुनवाई समिति गठन गर्ने, सत्य निरुपण आयोग बनाउने, ६ महिना भित्र संविधानको मस्यौदा ल्याउने र एक बर्षभित्र संविधान जारी गर्ने विषयमा भएको सहमतिलाई लिएर राजनीतिक दलहरुवीच विवाद बढेको अवस्था छ । सो विषयमा नै राजनीतिक रुपमा अर्को रुप लिन सक्ने र आन्दोलन हुन सक्ने समेत नेताहरुले बताउँदै आएको अवस्था छ। यस्तो अवस्थामा दलहरु कार्यतालिकाको म्याद थप्दै जाने बाहेक अर्को विकल्प नहुने एक नेताले स्वीकार गरेका छ ।

## अव के हुन्छ ?

कांग्रेस, एमाले र एकीकृत माओवादी वीच भएको चार बुँदे सहमति कार्यान्वयन नभए एकीकृत माओवादी, संघीय समाजवादी र पाँच मधेसवादी दलहरुले बनाएको संघीय गणतान्त्रिक मोर्चा आन्दोलनमा जाने निश्चित छ ।

सो मोर्चा आन्दोलनमा गएको अवस्थामा सत्तासिन दल कांग्रेस र एमालेलाई निकै अप्ठयारो अवस्था आउने अवस्था छ। त्यसैले केहि दिन भित्रै विगतको सहमतिलाई कार्यान्वयन गर्ने भनी अर्को सहमति हुने संभावना बढदै गएको छ। सो सहमति कार्यान्वय गरेमा कांग्रेस र एमाले भित्र शीर्ष नेताहरुलाई पार्टी भित्रैकै अन्य नेताहरुले कडा रुपमा आलोचना गर्ने र अन्तरविरोध सृजना हुने अवस्था आउँछ। त्यसैले यो अवस्था कांग्रेस र एमालेका नेताहरुलाई निकै अप्ठ्यारो बनेको छ ।

नेपालको लागि आधिकारीकविक्रेता

Mobiland Electronic Pvt. Ltd



Iphone 4S (16 GB) : - Rs.43, 000/-
Iphone 4S (32 GB) : - Rs.48, 000/-
Iphone 5 (16 GB) : - Rs.60, 000/-
Iphone 5 (32 GB) : - Rs.65, 000/-
Iphone 5S (16 GB) : - Rs.75, 000/-
Iphone 5S (32 GB) : - Rs.80, 000/-
Iphone 6 (16/ 32 GB): - Coming Soon



- 0% ब्याज दर्मा किस्तावन्दीमा आईफोन 4S (iPhone 4S)
- पहिलो किस्ता रु. १०,०००/- तिर्नुहोस, iPhone लिएर जानुहोस्
- साथै अन्य सम्पूर्ण Home Appliances पनि किस्तावन्दीमा उपलब्ध छ ।
- Financing Partner दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

मोविल्याण्ड ईलेक्ट्रोनिक प्रा. लि.
कीर्तिपुर- १७, बाहिरी गार्ऊँ (नेपाल) टेलिकमसँगै)
शाखा कार्यालयः महाराजगंज, नारायणगोपाल चोक
फोन नं. ४३३४२३५, ९८५११२५६७०

शिक्षक सेवा तयारी कक्षाहरु

विहान ६ र साँझ ५ बजेदेखि

प्रशिक्षकहरु

शिक्षा मन्त्रालय, शिक्षा विभाग अन्तर्गतका विज्ञ, अनुभवी तथा पुस्तक लेखकहरुवाट

शिक्षकसेवा

प्रा.वि, नि.मा.वि र मा.वि.

हामां विशेषताहरुः

- शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, विभिन्न तालिम केन्द्र तथा विश्वविद्यालयहरुमा कार्यरत अनुभवि प्रशिक्षक, सल्लाहकार, विषयविज्ञ तथा पुस्तक लेखकहरुद्वारा कक्षा सञ्चालन ।
- प्रर्याप्त शिक्षण सिकाई सामग्रीहरु र श्रव्य/दृष्य कक्षाहरुको व्यवस्था ।
- सम्बन्धित विज्ञहरुद्वारा प्रत्येक हप्ता परीक्षा लिइने तथा लेखनसीप विकासको लागि विशेष कक्षाहरुको व्यवस्था ।
- परीक्षा सम्बन्धी निःशुल्क विशेष परामर्शको व्यवस्था ।
- दैनिक रुपमा निःशुल्क नोटहरु दिइने र शैक्षिक सामान्यज्ञानको परिक्षा हुने ।
- हरेक परीक्षाहरु शिक्षक सेवा स्तरको model मा नै लिइने । थप bonus, revision र exam facing technique सम्बन्धी कक्षाहरुको व्यवस्था ।
- Valley Institute द्वारा लिइएको परीक्षाहरुमा लेखिएका कापीहरु उचित सुझाव सहित पुनः फिर्ता दिइने व्यवस्था ।
- Projector/ Power Point द्वारा कक्षा सञ्चालन ।

गत वर्षको परीक्षामा सर्वाधिक विद्यार्थी पास गराउन सफल

Valley Institute

Kirtipur Ph: 01-4332509

एउटा संस्थाको सिकाइले कति फरक पर्दछ जिन्दगीमा
A wrong decision brings REGRET
A right decision brings REWARD

कानुनी सल्लाहकार
**ज्ञानबहादुर महर्जन**
प्रकाशक
**नजरराम महर्जन**
**(९८४१४०१०७७)**
सम्पादक
**श्रीकृष्ण महर्जन**
प्रवन्धक
**निरजमान सिंह**
व्यवस्थापन
**भरत महर्जन, सनम श्रेष्ठ**
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः **शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं**
कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**
फोन नं.: **४३३३००७**
**kirtipur_sandesh@live.com**
http://kirtipursandesh.blogspot.com
**काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८**

सम्पादकीय

## सहमति र कार्यान्वयन नाटक हो कि बास्तविकता

**दोस्रो संविधानसभाको निर्वाचन पछि नयाँ सरकारको नेतृत्व गर्न कांग्रेसले राष्ट्रपति र उपराष्ट्रपतिको अनुमोदन गर्ने लगायतका विषयमा संविधानसभाको दोस्रो ठूलो दल एमालेसंग सहमति गरेको थियो ।**

**त्यसैगरि कांग्रेस र एमालेले उच्चस्तरीय राजनीतिक समिति बनाउने, भदौ महिना भित्र संविधानको मस्यौदा ल्याउने र माघ ८ गतेभित्र संविधान जारी गर्ने लगायतका विषयमा प्रमुख प्रतिपक्ष दल एकीकृत माओवादीसंग सहमति गरेको थियो । भरखरै मात्र प्रधानमन्त्री सुशील कोइरालाले बैद्य माओवादीसंग राजनैतिक सम्मेलन गर्ने सहमति गरेको सो पार्टीका नेताहरुले बताउदै आएको अवस्था छ ।**

**यसरी लगातार रुपमा कांग्रेसले विभिन्न दलहरुसंग सहमति गर्ने अनि कांग्रेस र एमाले मिली अन्य दलहरु संग सहमति गर्ने तर अहिले आएर ती सहमतिहरु कार्यान्वयनको सवालमा विवाद भइरहेको अवस्था छ । एमालेका नेताहरु स्वयं राष्ट्रपतिको अनुमोदन गर्ने सहमति कर्यान्वयन हुनुपर्ने भनी कांग्रेससंग बेला बखतमा दबाव दिदै आइरहेको अवस्था छ भने अर्कोतिर कांग्रेस र एमालेले एकीकृत माओवादीसंग गरेको सहमति अहिलेको अवस्थामा कार्यन्वयन गर्न सकिन्न भनी स्वयं एमालेका नेताहरु नै बताउदै आइरहेको अवस्था छ । यसरी हेर्दा आफूहरुसंग गरेको सहमति कार्यान्वन गनुपर्ने र अरुसंग सहमति गरेको सवाललाई भने सहमति हुदैन भनी नेताहरुले नाटक त गरिरहेको छैन भनी प्रश्न उठ्न थालेको अवस्था छ ।**

# हाम्रो कीर्तिपुर

राजकुमार माली
भाजंगल, कीर्तिपुर-१८

कीर्तिपुर, राजधानी काठमाडौंको नजिक रहेको नगर हो। नेपालकै उच्च शिक्षा हासिल गर्ने त्रि.वि. रहेको नगर हो । यहाँ के छैन ? धर्म संस्कृति, पुरातात्विक मठ मन्दिर ऐतिहासिक धरोहर रहेको स्थान हो। हाम्रो कीर्तिपुर बहादुरहरुको नगर भनी कहलिएको, प्राकृतिक सम्पदाले भरिपूर्ण रहेको नगर हो। तर हामी कीर्तिपुरेहरु किन एक हुन सकिरहेका छैनौं। हाम्रो कीर्तिपुरका सार्वजनिक सम्पतिहरु किन जोगाउन सकिर हेका छैनौं ? कीर्तिपुरको ६५०० रोपनी जग्गा त्रि.वि.ले अधिग्रहण गरी लिएको थियो। जग्गा लिंदा कीर्तिपुरवासीलाई रोगजारीमा पहिलो प्राथमिकता दिने भनेको थियो। खै कति कीर्तिपुरेले त्रि.वि. मा जागिर पाएको छ ? जागिर खाने विषयमा यहाँका राजनैतिक दलहरु किन हान थाप गर्छन् ? त्रि.वि.ले फुटाउ राज गर नीति लिएको देखिन्छ तर यहाँका दलहरु अरुले जस लिन्छ कि भनी सोचेर काम बिगार्नेतिर लाग्छ । किन एक ढिक्का हुन सक्दैनन् । जुनसुकै दलका मानिसले त्रि.वि.मा जागिर पाए पनि कीर्तिपुरेले नै खायो हैन र ? कीर्तिपुरे नेताहरुसँग दिर्घकालीन सोच छ ? भविष्यमा कीर्तिपुरलाई कस्तो बनाउने भन्ने बारे केही योजना छ ? अहँ छैन, यहाँ त एउटा दलले काम गऱ्यो अर्कोले विरोध गर्ने गर्दछन् । हामी जुनसुकै दलको भए पनि यही कीर्तिपुरकै होइन र ? जसले बनाए पनि कीर्तिपुरै बन्ने होइन ? किन सबै दलहरु मिल्न नसकेको ? जसले जे गरेर हुन्छ, जहाँबाट बजेट ल्याए हुन्छ कीर्तिपुर बनाउनु पऱ्यो । यस्तो सोच कहिले आउँछ नेताहरुमा हे बाघभैरव नाथ नेताहरुमा सद्बुद्धि दिउन । हामी कीर्तिपुरे एक आपसमा विवाद गरी बस्दा हाम्रो सम्पति कति अरुले हडपीसके थाहा छ ? एक एक गर्दै धेरै संस्थाहरुले जग्गा लिइ सक्यो । वागमतिको किनारको जग्गा राधास्वामी धर्मको नाममा कैयौं रोपनी जग्गा हडपिएको छ, इन्डियन स्कुलको नाममा एक दुई जना लोभीपापी नेताको कमाउ धन्दाले गर्दा कयौं जग्गा हडपेको छ। यसमा अहिले पनि तलब बुझ्ने नेताहरु छन् ।

कीर्तिपुरकै फेक्ट नेपाल ले ५२ रोपनी जग्गा हडपेको छ। हात्तीको दुइटा दाँत भनेझैं यहाँको जग्गा देखाई विदेशी सहयोग ल्याई काठमाडौंमा मोडेल अस्पताल बनाउँछ। यदि हामी कीर्तिपुरेले विरोध नगरेको भए सायद कीर्तिपुर अस्पताल आउँदैन थियो होला, त्यस्तै गरी साइबाबा अस्पताल बनाउने निहुँमा हाम्रो पिउने पानीको मुहान माथि जग्गा हडपेको थियो । त्यसलाई कीर्तिपुरवासीले विरोध गरी हटाई दियो । संकटकालको फाईदा उठाई सशस्त्र प्रहरी क्याम्प राख्यो । अहिले एपीएफ स्कूल चलाईरहेको छ। खै त हामीले के पायौं ? यसरी नै कृषि वागवानी अनुसन्धान केन्द्र खोल्ने भनी त्यत्रो जग्गा अधिग्रहण गरेर अहिले सशस्त्र प्रहरी बलले कब्जा जमायो। हिमाल सिमेन्ट कारखाना सञ्चालन गर्न सयौं रोपनी जग्गा अधिग्रहण गरियो। अधिग्रहण गर्दा सरकार ले जुन प्रयोजनको लागि लिएको हो त्यो भएन भने स्वतः सम्बन्धित किसानलाई जग्गा फिर्ता दिने लेखिएको छ। हामी कीर्तिपुरेले ती जग्गाहरु किन फिर्ता लिन नसकेको ?

लेबोरेटरी स्कुल कहाँबाट सञ्चालन भैरहेको छ त्यसको खोजिनीति गर्ने बेला आएको छ । हाम्रो जग्गामा अरुले र जाई गर्ने, हामी टुलुटुलुट हेरिर हने ? त्यस ठाउँमा कीर्तिपुर टेक्निकल कलेज या अस्पताल हामै स्वामित्वमा खोल्न सकिन्छ । विभिन्न राजनैतिक दलका नेताहरु कीर्तिपुरमा भाषण गर्दा बहादुर बहादुर भनी फुलाई जाने, बहादुर भनेकोमा हामी मख्ख पर्ने तर गर्न सक्ने केही होइन । सायद यो ७२ सालमा ल्याब स्कूलको म्याद सकिन्छ होला । हामी कीर्तिपुरवासी एक जुट भै एउटा राम्रो कामको थालनी किन नगर्ने ? हामीले नै कीर्तिपुर नगरपालिका घोषणा गर्न लगाएको होइन ? आज १८ वर्ष हुँदा पनि नगरपालिकाको आफ्नो भवन छैन । हाम्रो सार्वजनिक जग्गा धमाधम हडपी सक्यो। हामीलाई आवश्यक पर्ने खेल मैदान छैन । पहिले त्रि.वि. ले बनाई दिएको फुटवल मैदानलाई क्रिकेट मैदान बनाई हामीलाई ढुक्न पनि दिदैन। ल्याव स्कुलको मैदानमा पनि ठाउ खाली छैन भनि दिदैन।

हाम्रा पुर्खाहरुले पृथ्वी नारायण शाहलाई दुईपल्टसम्म युद्धमा हराएका थिए। अब हामी यो दल त्यो दल नभनौं कीर्तिपुर लाई ५ वर्षमा कस्तो बनाउने, १० वर्षमा कस्तो बनाउने, २५ वर्षसम्ममा कस्तो बनाउने भन्ने दीर्घकालीन योजना बनाएर सम्पूर्ण शक्ति लगाउँ जस्ले जहाँबाट बजेट ल्याए भए पनि कीर्तिपुर बनाउँ, आफ्नो सम्पत्ति अरुलाई हडप्न नदिई काँधमा काँध मिलाई जान आव्हान गर्दछु ।

अहिले कीर्तिपुरमा खानेपानीको हाहाकार छ। हाम्रो मुहानहरु सरसफाई गरी संरक्षण गरौं, भएको मुहानहरुलाई तत्कालै मर्मत सम्भार गरी थप पानी कसरी आउँछ त्यसको खोजविन गरौं । मुहानका आसपासमा घरहरु निर्माण गर्न नदिउँ, दूध पोखरी, सिम झवा हिटी, नौमुल्य जस्ता मुहान वरि परि के कति जग्गा मुहानको लागि मात्र अधिग्रहण गरौं र मुहानलाई संरक्षण गरौं। हाम्रो अमृत समान पानीलाई सम्पूर्ण कीर्तिपुरवासीको घर घरमा पुऱ्याऔं र वैकल्पिक मुहानहरुको खोजि पनि गरौं ।

कीर्तिपुरलाई नेपालकै एक नमूना सहर बनाउने आँट गरौं । हाम्रो कीर्तिपुरमा के को कमि छ र डाक्टर छैन कि इन्जिनियर छैन कि वकिल छैन कि विशेषज्ञ छैन कि संस्कृतिविद छैन कि हरेक क्षेत्रमा हामी कमि छैन । आऔं हामी कीर्तिपुरे–हरु एक ठाउँमा बसौं, छलफल गरौं, दीर्घकालीन योजना बनाऔं। यस ऐतिहासिक कीर्तिपुर नगरलाई विश्वमा चिनाउन हामी आफै नमूना भै देखाउँ ।

# कीर्तिपुर नगरपालिकाको आ.व. ०७०/०७१ को वार्षिक प्रगति समीक्षा

कुल १४.७६ वर्ग कि.मि. क्षेत्रफल रहेको कीर्तिपुर नगरपालिकामा जनगणना २०६८ अनुसार १९,४४१ घरधुरिमा ६५,६०२ जसमा पुरुष ३६,४७६ र महिला २९,१२६ जना बसोबास गरिरहेका कीर्तिपुर नगरपालिकाको १९ वटा वडा छन्।

यो तथ्यांक गत भाद्र ६ गते कीर्तिपुर नगरपालिकाले आ.व.०७०/०७१ सालको वार्षिक प्रगति समीक्षा बैठकमा पेश गरि एको हो । कि.न.पा.का कार्यकारी अधिकृत केशव भट्टराईको सभापतित्वमा भएको बैठकमा काजीराम मालाकारले संचालन र शाखा अधिकृत अनुज प्रधानले स्वागत मन्तव्य दिनु भएको थियो। स्वागत मन्तव्यपछि पावर प्वाइन्टद्वारा देखाईएको प्रगति विवरणमा आयको वित्तिय प्रगतिमा आन्तरिक श्रोतमा १०६.४६%, सशर्त अनुदानमा ११८.४२%, साझेदारी लागत सहभागितामा १०८.२८% लक्ष हासिल गरेका छन् भने सवभन्दा कम राजश्व बाँडफाडमा भने ४६.६८% यसरी समग्रमा कि.न.पा.ले ९८.८९% प्रगति गरेको देखाइएको छ।

त्यस्तै समग्र व्ययको वितिय प्रगतिमा उपभोग र कार्यालय संचालनमा ९७.८४%, सामाजिक सुरक्षा कार्यक्रममा ८९.६०%, फोहर मैला व्यवस्थापनमा ९९.५२%, दमकल र एम्बुलेन्स संचालन २८.३०% यसरी समग्रमा ९४.३०%ले प्रगति गरेको देखाइएको छ।

पूँजिगत तर्फ समग्र व्ययको वित्तिय प्रगति ७८.८६% देखाइएको छ ।

पन्जिकरण शाखाको आ.व. २०७०/०७१ को कार्य प्रगति विवरण निम्न अनुसार देखाइएको छ।

१.जन्म : महिला ५९५, पुरुष ६१३ जम्मा १२०८

२.मृत्यू: महिला १३८, पुरुष १६२ जम्मा ३००

३. विवाह ४२४

४. बसाई सराई गएको महिला ३६, पुरुष ४८ जम्मा ८४

बसाई सराई आएका महिला २०५, पुरुष २६७ जम्मा ४७२



त्यस प्रगति प्रतिवेदनमा नगाउँ-कृष्ण सिनेभिजन-पाँगा सुन्दर बजार कालोपत्र सडक बिग्रिनुका कारणहरु यसरी दिइएको छ।

साईड ड्रेन निर्माणका लागि उक्त क्षेत्रका जग्गाधनीहरु बीच विवादको कारण जग्गा प्राप्त गर्न नसक्नु ।

सडक निर्माण लगत्तै भारी वर्षा हुनु ।

साईड ड्रेन निर्माण गर्न नसकेकोले वर्षाको पानी खेतहरुबाट सिधै सडकमा आउनु।

पुनश्चः सो सडक मर्मत गर्नका लागि सम्बन्धित निर्माण व्यवसायीलाई नगरपालिकाबाट पत्राचार गर निर्देशन दिई सकेका। यस आ.व.का सवल पक्षहरुमा १. राजनीतिक दलहरु लगायत नगरवासीहरु र सरोकारवालाहरुबाट पूर्ण रुपमा सहयोग प्राप्त भएको। २. जगेडा कोष अन्तर्गत थप योजना स्वीकृत भएको। ३. हालसम्म पनि नगरपालिकाको कार्यालय भवन निर्माणका लागि आफ्नो जग्गा नभएकोमा तत्कालिन कान्जि हाउस रहेको वडा.नं.३ स्थित जग्गामा न.पा. भवन निर्माणका लागि नेपाल सरकारबाट जग्गा प्राप्त भएको। ४. मालपोत रजिष्ट्रेशन वापतको राजश्व रकम आउन थालेको। ५. UNDP, OXFAM, CWIN, Lumanti, Un-Habitat जस्ता अन्तर्राष्ट्रिय एवं राष्ट्रिय संघ संस्थाबाट विभिन्न क्षेत्रमा सहयोग प्राप्त । ६. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जिवि.स.को कार्यालय् काठमाडौं मार्फत फोहर मैला व्यवस्थापनको लागि रु.१० लाख प्राप्त। ७. जनतालाई घरदैलोमा नै सेवा पुऱ्याउने उद्देश्यले सबै वडा मा २०७१ श्रावण १ गतेदेखि व्यक्तिगत घटना दर्ताको कार्य शुरु गरिएको। ८. विपद व्यवस्थापनका लागि नगर तथा वडास्तरीय समिति गठन भई क्रियाशील रहेको। १०. खुला दिशामुक्त क्षेत्र घोषणाका लागि नगरस्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति ( M-WASHCC) गठन गरिएको।

मुख्य समस्याहरु :

१. निर्वाचित जन प्रतिनिधि विहिन अवस्था हुनु। २. आफ्नै नगरपालिका तथा वडा कार्यालय भवन समेत सेवाग्राही मैत्री नभएको। ३. समयमै अख्तियारी तथा बजेट निकासा नहुनु। ४. निर्माण सामग्रीको सहज आपूर्ति नहुनु। ५. ल्याण्ड फिल्ड साईट नहुनु। ६. नगरपालिका तथा वडा कार्यालयको कार्य संचालन कार्यविधि नहुनु। ७. स्थानीय विषयगत कार्यालयहरुसँग पर्याप्त समन्वयनको अभाव। ९. सिमित एवं अपर्याप्त श्रोत, साधन।

# CG ब्राण्डको आधिकारिक विक्रेता

# मोबाइल निकुञ्ज प्रा. लि. को

## NO TENSION नो झन्झट अन्तर्गत

# किन्दा = किस्ता योजना



NOKIA Connecting People · COLORS Mobile Phones · Micromax nothing like anything · LAVA · Karbonn Mobiles · spice · SAMSUNG · Panasonic · rage

**हरेक ब्राण्डका मोबाइल तथा इलेक्ट्रोनिक्स सामानहरू खरिद तथा विक्रीका लागि हामीलाई सम्झनुहोस् ।**

**हाम्रो निशुल्क सेवाहरू :**

- Normal Stiker फेर्ने
- Free Home Delivery

*शर्तहरू लागू हुनेछ ।

**सम्पर्क स्थान : मोबाईल निकुञ्ज प्रा. लि.**
**कीर्तिपुर १७, नगाउँ दोवाटो**
**फोन नं. ४३३३२५७**
**वित्तिय साझेदारः**
**निर्मल बुद्धभूमि वचत तथा ऋण सहकारी संस्था लि.**

# अनुवाद साहित्य– उपन्यास "भावना"-२५– नजरराम महर्जन

एकदिन उसले ती साथीहरू सँग सल्लाह गरेर भन्यो, "साथीहरू हामीहरू सधैं अरूको नोकरजस्तो मात्र भएर कहिले सम्म काम गरि रहने ? हामी सबैजना मिलेर आफ्नै होलसेलको पसल चलाउनु पर्‍यो।"

"होलसेलको काम गर्न पैसा धेरै चाहिन्छ । हामीसँग पैसा छैन ।" एकजना हरि भन्ने साथीले भन्यो ।

"पैसामात्र भए व्यापार कसरी गर्ने हामीलाई पनि थाहा छ।" अर्को साथी मानवहादुरले भन्यो।

"साथीहरू हामी मिलेर काम गर्ने भए पैसा म राखी दिन्छु। मसँग दुई लाख रुपैया छ। यहाँ मेरो बहिनी भन्नु पर्ने एकजना छ । उनीसित दुईलाख रुपैया लिउँला बरु एक हिस्सा उनलाई पनि दिउँला।" उसले उनीहरूलाई भन्यो, "हामी आफ्नै फर्म दर्ता गरूंला । एउटा फर्म मेरो नाममा दर्ता गरूंला, अर्को एउटा तपाईहरू मध्ये कसैको नाममा दर्ता गर्नुस्।"

उसको कुरा सुनेर उनीहरू सबैजना खुसी भयो। मानवहादुर र उसको नाममा एउटा एउटा फर्म दर्ता गर्ने भयो। हरि, मनोज र बीर बहादुर खासामा सामान लिन गए।

फर्म दर्ता गराउन ऊ वीरगंज गयो। वीरगंज गएपनि ऊ घरमा गएन। उसलाई नचिन्ने एउटा होटलमा बास बस्न गयो। उसले फर्म दर्ता गर्‍यो। बैंकमा गएर चारलाख रुपैया निकालेर ड्राफ्त बनायो। ऊ वीरगंजमा तीन दिन बस्यो। काठमाडौं फर्कने बेलामा उसलाई आफ्नो घर जान मन लाग्यो। किरणको मनमा कुनै परिवर्तन आएको छ कि थाहा पाउन मनलाग्यो। लाज मानी मानी ऊ घर गयो। किरण घर मै रहेछ। ऊ घर गएको देखेर किरण अलिकति पनि खुसी भएको देखिंदैन। कहिले आयौं ? खाना खाएको छ कि छैन भनेर किरणले एकशब्द सोधिनन्। नचिनेको मानिसलाई हेरेकोजस्तो एकटकले हेरिरहिन्। उनको मुहारमा कुनै उत्सुकताको चिन्ह छैन। उसले नै बोलूं कि जस्तो लागेको थियो। किरणले त बोल्दैन भने ऊमात्र किन कोमल भएर बोल्ने ? उसको स्वाभिमानले उसलाई किरणसँग बोल्न दिएन। दुईजनाको दाम्पत्य माया आज कहाँ हराए कहाँ हराए। आइमाईहरूको मन कति निर्दयी हुँदो रहेछ ? आइमाईहरूले सबैथोक सहन सक्छतर सौतालाई सहन सक्दैनन् भनेको साँच्चैको रहेछ। भावना उनको सौता होइन छोरी हो भनेर कहिले उनलाई विश्वास दिलाउन सक्छ होला ? ऊ त्यहाँ एकछिन बस्यो।




उसलाई केही पनि नभनिकन किरण माथि गइन्। ऊ पनि लुसुक्क बाहिरियो। नाइटबसमा बसेर काठमाडौं फर्क्यो।

**१७**

मानवहादुरले पनि फर्म दर्ता गरेर ल्यायो। काम सुरु गर्नुभन्दा अगाडि उनीहरूले होटल छाडेर एउटा घरमा एक फ्लैट भाडामा लियो। उनीहरू खासा गए। एउटा मिनि ट्रकभरी सामान राखेर ल्याए। आधा सामान गड्डीवाला साहुहरूलाई बेच्न लगे। आधा सामान खुद्रा बेच्नेहरूलाई दिए। खुद्रा सामान बेच्नेहरूले दिनभरि सामान बेचेर आएको पैसा उनीहरूलाई बुझाउन ल्याउँछन्। दुई महिना भइसक्यो सामान नआएको त्यसैले सामान चाँडै बिक्रि भयो। उनीहरूलाई नाफा पनि भयो। हरि र ऊ शहरमै बसेर सामान बेचीरहे। अरू साथीहरू सामान लिन खासा गए।

आफूहरूले सामान ल्याएर आफैले बेच्दा उनीहरूलाई एक महिनामा नै एकलाख रुपैया फाइदा भयो। दशैं पर्व आयो। सामान धेरै बिक्रि भयो। उनीहरूको कमाई पनि भयो।

दशैं आयो। उसको साथीहरू घर जाने भयो। काठमाडौंमा एकजना बस्नु पर्‍यो। को बस्ने भनेर सल्लाह भयो। उसको कहिं जाने ठाउँ छैन त्यसैले ऊ आफै बस्छु भन्यो। उसका साथीहरू खुसी भए। दशैंमा घर जान खर्च चाहियो भनेर जनही बीस बीस हजार रुपैया बाँडेर लिए। उसको भागमा आएको चालीस हजार रुपैया उसले भावनाको खातामा राख्यो। फूलपातीको दिन उसको साथीहरू सबैजना घर गए। डेरामा ऊ एक्लै भयो। आफैले खाना पकाएर खानु पर्‍यो।

भावना नभेटेको धेरै दिन भइसक्यो। उनलाई भेट्न जाउँ कि भनेर सोच्यो। दशैंको समयमा किन घर नगएको भनेर सानुले सोधिन भने के जवाफ दिने ? उसको घरको कुरा भन्यो भने उनीहरूले मन दुखाउनेछन्। त्यसैले उसले भावना भेट्न गएन। अष्टमीको दिनदेखि काठमाडौंमा मानिसहरूको चहलपहल कम भयो। यहाँ बाहिरबाट कति मानिसहरू आएर बसिरहेको छ भनेर दशैंको बेलां थाहा हुन्छ। नवमिको दिन एउटा पनि गाडी चलेन। बाटो नै सुनसान देखिन्छ। साथीहरू, आफन्तलाई बोलाएर कति र माइलोसित मनाउने दशैं, आज ऊ कोही नभएकोजस्तो कोठामा बसिरहनु परेको छ।

दशैं सकियो। घरमा गएका साथीहरू फर्के। सबैजनाले घर बाट ल्याएको भनेर घिउ, गुन्द्रुक, भटमास लिएर आए। उसले जम्मा गरेर राखेको रुपैया लिएर चारैजना साथीहरू सामान लिन खासा गए।

आज कोजाग्रत पूर्णिमा। ऊ एक्लै कौसीमा बसिरहेको छ। आकाशमा जून चम्किरहेको छ। रमाइलो छ। उसले आकाशमा हेरिरह्यो। उसलाई किरणको यादले सतायो। उसलाई कौसीमा बसिरहन मन लागेन। आफ्नो कोठामा आयो। कापी कलम लिएर किरणको नाममा एउटा चिट्ठी लेख्न लाग्यो।

प्रिय प्राणेश्वरी किरण,

दैनिक सम्झनाको साथै धेरै धेरै माया। हृदयभित्रको माया सम्झनाको धागो बुनेर यो पत्ररूपी माला तिम्रो छेउ पठाईरहेको छु। कोही नभएको यो सुनसान कोठामा कापीको पानालाई तिम्रो शरीर ठानेर कालो मसीले मनको बह पोख्दैछु। मलाई विश्वास छ, यो पत्र पढ्दा तिमीले आफूलाई मेरो नजिक बसिरहेको पाउनेछौं। आजसम्मको भूलचुक तिमीले बिर्सिने छौं भन्ने मलाई विश्वास छ।

किरण, आज कोजाग्रत पुर्णिमा, आकाशमा जून चम्किरहेको छ। धरतिलाई दूधले नुहाइदिएको जस्तो दुधिलो प्रकाश फैलाईरहेको छ। जूनको प्रकाशले धरति रमाइरहेको छ। धरतिको लागि महिनाको एकचोटि रमाइलो हुने रात यही पुर्णिमाको रात हो। यस्तो रमाइलो रातमा पनि मेरो प्राणप्यारी मसँग छैन। म एक्लै बसिरहनु परेको छ। मैले तिमीलाई जूनको किरणमा खोजें। त्यहाँ तिमी छैनौं। तिमी त मेरो हृदयभित्र लुकिरहेका छौं। सम्झनाको धागोले बाँधेर मलाई तिम्रो नजिक ल्याइपुर्‍यायो। मलाई सम्झना छ, यस्तै पूर्णिमाको रात तिमी र म माथि कौसीमा बसेर चन्द्रमा हेरेर रमाउँथ्यौं। आज मेरो साथमा तिमी छैनौं, त्यसैले माथि कौसीमा नबसी तल कोठामा आएँ। कोठामा बसेर तिमीलाई सम्झिरहेको छु। तिम्रो सम्झनाको छुरीले मेरो दिलमा घोचीरहेको छ। मेरो दिलमा घाउ भएको छ। तिम्रो मुहार एक झल्को हेर्न मेरो आँखा तड्पीरहेको छ। हाम्रो प्रेमको कारण आज तिमी नहुँदा यो पूर्णिमाको रमाइलो रात पनि मलाई औंसीको रातझै अँध्यारो लागिरहेको छ। तिमी बिनाको रात म कसरी बिताउँ ? मसँग पखेटामात्र भएको भए चीलझै सलल उडेर तिमीकहाँ आउँथें।

किरण, मेरो सशरीर तिम्रो छेउ आउन नसके पनि मेरो मन तिमीकहाँ पुगिसकेको छ। यतिबेला रातको साढे दश बजिसकेको छ। यहाँ बाटो सुनसान भइसकेको छ। सबैजना आ-आफ्नो ठाउँमा गइसकेका छन्। कोही प्राणप्यारीलाई अंगालेर मिठो निन्द्रामा डुबुल्की मारिरहेको होला। कोही मजस्तै आफ्नो प्याणप्यारी नभएर छट्पटाइरहेको होला। तिमी टि.भी. हेरेर हामी सुत्ने कोठामा आयौं होली।

क्रमश....



# प्रथम किपू ब्याडमिन्टन प्रारम्भ



नविन महर्जन

देवढोका ब्याडमिन्टन समूहको आयोजनामा आयोजित प्रथम किपू ब्याडमिन्टन प्रतियोगिता-२०७१ गत शनिवार एक समारोह बीच प्रमुख अतिथि नेपाल ब्याडमिन्टन संघका महा सचिव रामजीवहादुर श्रेष्ठले उद्घाटन गर्नु भएको थियो । देवढोका ब्याडमिन्टन संघका अध्यक्ष लक्ष्मीभक्त महर्जनको सभापतित्वमा भएको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि लगायत कीर्तिपुर ब्याडमिन्टन क्लबका अध्यक्ष दुर्कमान महर्जन, रा.खे.प.का इन्जिनियर राजु श्रेष्ठ, जिल्ला खेलकुद समितिका कार्यालय सचिब लगायतको उपस्थिति थियो। यस उद्घाटन कार्यक्रममा प्रमुख अतिथि, अतिथिहरुले यस समूहले खेल विकासको लागि जुन प्रतियोगिता गरिराखेको छ । त्यसको सफलताको शुभकामना दिंदै निरन्तरतामा जोड दिएका थिए । कार्यक्रम संयोजक मिम कुमार महर्जनले यस खेल गत वर्ष गाईजात्रा कपको रुपमा आयोजना गरेको तर यस वर्ष देखि किपू कपको रुपमा आयोजना गरेको जानकारी दिनु भएको थियो।

उपत्यकाका ६४ टिमले सहभागिता जनाईएको यस प्रतियोगिता मेन्स डबल इभेन्ट्स मात्र आयोजना गरिरहेको छ । वास्तवमा प्रतियोगितामा सहभागिता जनाउन ७५ भन्दा बढी युगल टिमले चाहना देखाएका थिए। फस्ट कम फस्टको आधार मा केवल ६४ टिमलाई मात्र सहभागिता गराएको जानकारी दिनु भएको थियो । यस प्रतियोगिताको फाइनल खेल आगामी भाद्र २१ गते हुनेछ । विजेता टिमलार्य नगद, प्रमाणपत्र, कप एवं अन्य पुरस्कारले सम्मान गर्ने जानकारी दिनु भएको थियो।

देवढोका ब्याडमिन्टन समूहले निर्माण गरिएको देवढोका ब्याडमिन्टन कोर्ट र भलिबल कोर्टलाई व्यवस्थित गरी दुवैमा प्रतियोगिता सञ्चालन गरिरहेको छ।

वास्तवमा यस क्षेत्रमा ब्याडमिन्टन खेलको विकास गर्न कीर्तिपुर ब्याडमिन्टन क्लबको सक्रियतामा वर्षेनी ३ ओटा प्रतियोगिता नियमित सञ्चालन भैरहेको छ। दशैं तिहार बीचमा हिलटाउन उच्च मा.वि, शहिद दिवसको अवसरमा युवा खेलकुद समूह, पाँगाले र यो देवढोका ब्याडमिन्टन समूहले गाईजात्रा पर्वलाई अवसर मानी सञ्चालन गर्दै आएको छ।

कीर्तिपुर ब्याडमिन्टन क्लबले नयाँ पिढीलाई ध्यान दिंदै जनसेवा उच्च मा.वि.मा विद्यार्थीहरुलाई प्रशिक्षण पनि चलाएको थियो तर त्यो निरन्तर चलाउन कठिन भएको देखिन्छ। यसलाई नियमित सञ्चालन गर्न ब्याडमिन्टन खेलप्रेमी, आकर्षित खेलप्रेमीहरु बीच नियमित भेटघाट एवं छलफल कार्यक्रम हुँदै आएको छ जस्मा अध्यक्ष दुर्कमान महर्जन, ईश्वरमुनी बज्राचार्य, राजु महर्जन, नारायण महर्जन लगायतका पदाधिकारीहरु बीच नियमित छलफल भएको देखिन्छ। यसरी प्रतियोगिता, प्रशिक्षण एवं छलफल द्वारा निश्चित कार्य योजना बनाउँदै लैजान सके यो क्षेत्रमा यो खेलको सम्भावना प्रशस्त रहेको देखिन्छ। अझ नेपाल ब्याडमिन्टन संघ, रा.खे.प. लगायत स्थानीय सरकारले यसमा चासो देखाए अवश्य अगाडि बढाउन सकिनेछ।

यस प्रतियोगिताको कारण कीर्तिपुर क्षेत्रका खेलाडीहरुले विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडीहरुसँग खेल्ने अवसर पाएको छ जस्ले गर्दा आफ्नो खेल सुधार्न सहयोग हुनेछ। र आफ्नो क्षमता विकास गर्न सहयोग हुनेछ।

स्मरणरहोस् नेपालमा राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता प्रजातन्त्रसँगै भएको थियो भने वि.सं. २००८ सालमा नेपाल ब्याडमिन्टन संघको स्थापना भएको थियो। नेपालले अन्तराष्ट्रिय स्तरको कुनै ठुलो पदक हात पार्न नसके पनि यस खेल प्रति निकै आकर्षण रहेको देखिन्छ । विशेष गरी कीर्तिपुरमा २०३५/०३६ सालमा नै विभिन्न क्लबस्तरीय प्रतियोगिता हुने गर्दथे । विशेष गरि चोभार, लायकु र त्रि.वि.मा त्यसबेला विभिन्न क्लबस्तरीय प्रतियोगिता हुने गर्थ्यो । त्यसताकादेखि यस खेलमा लगाव भएको देखिन्छ। संस्थागत रुपमा क्रियाशील कीर्तिपुर ब्याडमिन्टन क्लब स्थापना भए पछि भएको देखिन्छ।

## कीर्तिपुरमा धार्मिक झगडा भएको समाचार newsabhiyan.com मा




कीर्तिपुरमा धार्मिक झगडा भएको समाचार www.newsabhiyan.com मा प्रकाशित भएको छ।

सो साइटमा प्रकाशित समाचार अनुसार 'भदौ ८ गते कीर्तिपर नगरपालिकाको भत्केपाटी भन्ने स्थान भन्दा अलि अगाडी साइराम चोकस्थित शिवमन्दिरमा इसाईहरुले तोडफोढ गरेपछि स्थानीयहरु आक्रोशित भएको समाचार छ। ६४ शिव लिंग स्थापना भएको सो स्थानमा धेरैजसो विलिंगलाई हथौडा प्रयोग गरि नस्ट गरिएको, पछि हिन्दूधर्ममा आस्था राख्नेहरु र इसाईहरु वीचको झगडाले ठूलो रुप लिएको हो । ६४ शिव लिंग मध्ये ४, ५ ओटा मात्र शिवलिङ्ग बाँकी छ र प्रत्यक्षेदर्शीहरुको भनाई अनुसार सो मन्दिरको त्रिशुल र घण्टा समेत चोरी गरेर लगेको बताइएका छन् । केहि दिन अगाडि पटक–पटक शिवमन्दिरमा चोरी भएको स्थानीयवासीहरुको आरोप छ।' सो घटनालाई लिएर स्थानीवासीहरु धार्मिक झगडा नहोस भनी चिन्तित बनेका छन् ।

# हार्दिक श्रद्धाञ्जली

जन्म
२०१५/०७/२५



निधन
२०७१/०४/२९

स्व. शिव प्रसाद श्रेष्ठ

कीर्तिपुर गुलपुली निवासी हाम्रा अति मिलनसार मित्र **शिव प्रसाद श्रेष्ठ** को २०७१ श्रावण २९ गते आकस्मिक स्वर्गारोहण भएकोमा हामी मर्माहित भएका छौं। १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

श्रद्धाञ्जली दिने साथिहरु

१. विश्वमोहन श्रेष्ठ (बाहिरी गाउँ )
२. विन्दु राज श्रेष्ठ (कुटुभ्mोल)
३. जय मानन्धर (खासी बजार)
४. कृष्णवहादुर मानन्धर (सागल)
५. महेश राम महर्जन (सागल)
६. बद्रि महर्जन (चिठू)
७. सरज महर्जन (दे पुखू)
८. सिताराम राजभण्डारी (देपुखू)
९. धर्म रत्न महर्जन (बाघ भैरव)
१०.सानु बाबु महर्जन (नयाँ बजार)
११. कृष्णकुमारी महर्जन (पाँगा)
१२. श्याम कृष्ण अधिकारी (भत्केपाटी)

सम्पूर्ण साथीहरु

# स्व. रुद्रवहादुर प्रधान प्रथम स्मृति दिवस मनाइयो



कीर्तिपुर क्षेत्रको शिक्षा, स्वास्थ्य र समाजसेवामा नाम कहलिएका कीर्तिपुर सतकोका स्व. रुद्रवहादुर प्रधानको प्रथम स्मृति दिवस गत भाद्र ६ गते कार्यालय उद्घाटन गरी मनाइयो । रुद्रवहादुर स्मृति प्रतिष्ठानका संरक्षिका श्रीमती र धाप्यारी प्रधानले पानसमा दीप प्रज्वलन गर्नु भई कार्यालयको मूल ढोकामा रीवन काटी कार्यालयको उद्घाटन गर्नु भएको थियो । उद्घाटन कार्यक्रम पछि प्रतिष्ठानको अध्यक्ष रविन्द्रवहादुर प्रधानको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष अरुण वहादुर प्रधानले उपस्थित सबैजनालाई मन्तव्यद्वारा स्वागत गर्नु भएको थियो । सचिव सुनिलद्वारा संचालित उक्त कार्यक्रममा सल्लाहकार समिति सदस्य टिकाराम महर्जनले स्व. रुद्रवहादुर प्रधानले कीर्तिपुर क्षेत्रको स्वास्थ्य र शिक्षा क्षेत्रमा पुऱ्याउनु भएको योगदानको जानकारी दिनु भयो ।

पहिले बाघभैरव परिसरमा रहेको किरण विद्यालयलाई कीर्तिपुर मा.वि. बनाएर सो विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष, उहाँकै पहलमा इन्द्रायणी प्राथमिक विद्यालय स्थापना गर्नु भै संचालक समितिको अध्यक्ष रहनु भएको, देय् पोखरी, कीर्तिपुरको नगचोस्थित सरस्वती मन्दिर को जिर्णोद्धार, विष्णुदेवी प्राथमिक स्वास्थ्य केन्द्रको स्थापनामा महत्वपूर्ण भुमिका निभाउनु भै सञ्चालक समितिको अध्यक्ष समेत रहनु भएको, शहिद स्मारक कलेजको स्थापनामा महत्वपूर्ण भुमिका निभाउनु भै सोको सञ्चालक समितिको अध्यक्ष भै काम गर्नु भएको थियो । कीर्तिपुरको सात गाउँमै ब्रम्हु काजीको नामले चिनिएका स्व. रुद्रवहादुर प्रधानले कीर्तिपुरको परोपकारमा धेर वर्षसम्म स्वयंम सेवकको रुपमा काम गर्नु भै जनतालाई सस्तो स्वास्थ्य सेवा प्रदान गर्न आफ्नै घरमा क्लिनिक खोल्नु भएको थियो । उहाँलाई रुद्रवहादुर प्रधान भनेर नचिन्ने कोही कोही होला तर ब्रम्हु काजी भनेपछि नचिन्ने सायद कोही होला । यस्तो समाजसेवाको सम्फना गर्नु सम्पूर्ण कीर्तिपुरवासीको कर्तव्य हो भन्नुभयो ।

## कविता उपहारा

**–केशव ज्यापू, किपू–**

अझै पनि चाउचाउ, विस्कुट, चकलेटको सहारामा
अझै पनि सरकारी कम्बल र कपडाको भरोसामा
चिसो भुइँ ओछ्याउँदै खुला गगनले आङ्ग छोप्दै
माथि माथि आकासतिर पटकपटक शिर उठाउँदै
दौरासुरूवाल र टोपीमा ठाँटिएर
विमानबाटै दर्शन दिने आशमा
मैलाधैला-काला र ख्याउटे गन्हाउने मानिसहरू
बाकस, झोला र पोकाहरूतिर
आँखा बिछ्याइरहेका छन्
बालुवाटारहरू कुर्ची च्याप्नै संमोहित भा-का छन्
सिंहदरवारहरू आफै हात फैलाउने प्रतिस्पर्धामा छन्
उसँग अपेक्षा गर्नु फकिरसँग माग्नु हो
उसको भर पर्नु मृत्यु अंगाल्नु हो
देश दुख्दा सबै नागरिकलाई दुख्छ ,
नागरिकलाई दुख्दा किन राज्यलाई दुख्दैन ?
अभिभावक भइकनै अनाथ हुनुको कडा जलन
नागरिकता भइकनै शरणार्थी हुनुको खल्लोपन
यसको अवसर नेपालीले पाएको छ दिनदिन
यसको अवसर नेपालीले पाएको छ दिनदिन

**श्री उमामहेश्वर मन्दिर क्षेत्र संरक्षण तथा टोल सुधार समिति ०६५ ले गत श्रावन १७ गते कीर्तिपुर सन्देश पत्रिकामा प्रकाशित सुचनामा २०७० माघ १६ गतेदेखि १८ गते सम्म भएको कीर्तिपुर क्वाःचो महोत्सवमा सहयोग गर्नेहरुको नामावलीमा छुटेका नामावली यस प्रकार रहेको आयोजक संस्थाले जानकारी दिएको छ ।**

**छुटेका नामवलीहरु**

१) गःछें दाफा खलः
२) भिं तातुना ग्रुप, कीर्तिपुर
३) बेटर कलेक्सन, नयाँबजार
४) कीर्तिपुर सहकारी पसल
५) टंगाल ल्यायम्ह पुचः, ललितपुर
६) न्हूजः इलेक्टिक, नयाँबजार
७) लुमन्ती (आवासको लागि सहयोगी समूह)
८) नेविको विस्कुट, बालाजु







**ताल तन्त्र आर्टस एण्ड म्यूजिक एकेडेमीमा सम्पर्क राखी**

**योग्य एवं व्यवसायीक कलाकार बनौं**

गायन/ हार्मोनियम : संगीत प्रवीण श्रीकृष्ण श्रेष्ठ र विश्व नेपाली ( + २ तथा इलाहावादबाट शास्त्रीय संगीतमा परीक्षा दिनेहरुको लागि पनि)
गीतार : सन्तोष महर्जन र मनोज महर्जन
तबला/मादल / D-Jembe: दिलिप किपू राजेन्द्र महर्जन र प्रवेश महर्जन
बासुरीः रमन महर्जन, महेश महर्जन
आर्टस् : सावित्री महर्जन र उमेश महर्जन
सारंगी : श्याम नेपाली र प्रिन्स नेपाली
नृत्य : देवेन्द्र महर्जन
Voilin (भ्वाइलिन) : योगेश डगोरिया

हाम्रा विशेषताहरु

- दक्ष एवं अनुभवी प्रशिक्षकहरुवाट सैद्धान्तिक र व्यवहारिक ज्ञान दिइने
- बालबालिकाको लागि विशेष कक्षाहरु
- संगीत, नृत्यका प्रशिक्षकहरु उत्पादन गरिने

**सम्पर्क समय : विहान ७ बजेदेखि बेलुका ७ बजेसम्म**
**सम्पर्क : ताल तन्त्र आर्टस् एण्ड म्यूजिक एकेडेमी**
**कीर्तिपुर-१७, नयाँबजार (सिभिल बैंकको अगाडि सिसा पसलको माथि)**


# बिचाः हायेका

बुदिं
वि.सं.१९९६
कार्तिक १८



मदुगु :
वि.सं.२०७१
भाद्र ३

**मदुम्ह. हर्ष महर्जन**

इटागोल बिचाः गुथिया दुजः

**हर्ष महर्जन** वंगु भाद्र ३ गते ७५ दँय् आकाभ्काकां मदुगुलिं मदुम्हेसिया आत्माया सुखावति भुवनय् बास लायेमा धकाः कामनायासें दुःखंकःपिं सकल छेँजःपिन्सं मन चिइफयेमा धकाः बिचाः हायेका च्वना ।

**ईटागोल बिचाः गुथि**
ईटागोल, किपू-१८




# हार्दिक श्रद्धाञ्जली



जन्म
२०१५/०७/२५

निधन
२०७१/०४/२९

**स्व. शिव प्रसाद श्रेष्ठ**

हाम्रा आत्मिय साथी सरला श्रेष्ठका पुजनीय पिता
**शिवप्रसाद श्रेष्ठ**को गत साउन २९ गते बिहिवारका दिन
असामयिक स्वर्गारोहण भएकोले भाद्र १० गते मंगलवार
१३ औं दिनको पुण्यतिथीमा मृतक आत्माको
चिरशान्तिको कामना गर्दै शोकाकूल परिवारजनप्रति
हार्दिक समवेदना प्रकट गर्दछौं ।

---

विजेन महर्जन
विनित खड्गी
धनिसा तण्डुकार
साजन श्रेष्ठ

Asha_ ya, Nepal परिवार
कीर्तिपुर
Mobile Market 'N' Klinic
लोकतान्त्रिक चोक, कीर्तिपुर

# हार्दिक समवेदना

जन्म
२०१५/०७/२५



निधन
२०७१/०४/२९

**स्व. शिव प्रसाद श्रेष्ठ**

यस **सिद्धबाबा बचत तथा ऋण सहकारी संस्था लि.**का शेयरधनी सदस्य **शिवप्रसाद श्रेष्ठ**को गत साउन २९ गते बिहिवारका दिन असामयिक स्वर्गारोहण भएकोले भाद्र १० गते मंगलवार १३ औं दिनको पुण्यतिथीमा मृतक आत्माको चिरशान्तिको कामना गर्दै शोकाकूल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सिद्धबाबा बचत तथा ऋण सहकारी संस्था लि.**

नयाँबजार (पाँगा जाने दोबाटो), कीर्तिपुर ।

फोन नं. ४३३६६४९



# बिचाः हायेका

बूगु दिं
१९९६/०७/२८



मदुगु दिं :
२०७१/०५/०३

**मदुम्ह हर्ष महर्जन**

ईटागोल बिचाः गुथिया दुजः

**हर्ष महर्जन** थ्वहे वंगु भाद्र ३ गते आकाभ्काकां मदुगुलिं जिपिं सकसियां तसकं नुगः मछिन । मदुम्हेसिया सुखावति भुवनय् वास लायेमा धकाः मनंतुंसें दुःखंकःपिं सकल छेंजःपिन्सं मनचिइ फयेमाः धकाः बिचाः हायेका च्वना ।

**रमेश कुमार महर्जन परिवार**

**रविना इलेक्ट्रोनिक्स**

**न्हूबजाः, किपू-१७**


# फोहर भकुण्डोजस्तै हुन्छ



**सरब कुमार महर्जन**

## फोहरको वर्गिकरण :

सामान्यतया फोहरलाई चार भागमा वर्गिकरण गरेको पाइन्छ। जसमा जैविक फोहर , अजैविक फोहर, अस्पतालजन्य फोहर र ल्याण्डफिलजन्य फोहर भनेर चिनिन्छ । हाम्रो दैनिक जीवनमा ती चार प्रकारका फोहरमध्ये घरमा खाना पकाउने बेलामा विभिन्न प्रकारका हरिया तरकारीहरु ल्याउछौं त्यसमा कामको खान योग्यकासाथै काम नलाग्ने पनि सँगे आउँछन् । हामीले मानौं हरियो रायो साग किन्दा त्यहाँ नराम्रो पहेलो साग, किराले खाएको समेत आउँछ। जसलाई हामीले केलाएर खान हुने मात्र हामी तरकार बनाउँछौं र खान नहुने सबै हामी फाल्ने गर्छौं ।

जसलाई हामी जैविक फोहर भन्छौं । अथवा कुहिने फोहरलाई जैविक फोहर भन्छौं । अथवा सडेगलेका सागसव्जी,तरकारीका छिलका, घाँसपात, फलफुलका बोक्रा, विग्रिएको खानेकुरा, बढारेको धुलो, कसिँगर आदि जैविक फोहर भित्र पर्दछ । जैविक फोहरबाट कम्पोष्ट मल बनाउन सकिन्छ। जैविक फोहर कूल फोहरमा ६५ देखि ७५ प्रतिशत ओगटेको अवस्था छ।

अजैविक फोहर भन्नाले नकुहिने वा नसड्ने जातका फोहरलाई अजैविक फोहर भनेर चिनिन्छ । यिनिहरुमा कागज, प्लाष्टिक, धातु, रवर, कपडा, काँचका टुक्रा आदि । यो अजैविक फोहरभित्र पर्दछ। आजभोलि यी अजैविक फोहरलाई नै कच्चा पदार्थको रुपमा लिन थालेको छ । यसको अर्थ यी फोहरबाट पूनः प्रयोग गरी नयाँ बस्तु तयार गर्न प्रयोग गरिन्छ । हामीलाई थाहा छ पुरानो कागजहरुबाट फाइल बनाउने, कागजको विभिन्न नयाँ सामान बनाउन प्रयोग गरिन्छ । प्लाष्टिकबाट पनि नयाँ प्लाष्टिकजन्य सामानहरु जस्तो बाल्टिन, जर्किन तथा अन्य भाँडाकुँडा बनाउन प्रयोग गरेको पाइन्छ। यस्ता फोहर कूल फोहरको २० देखि ३० प्रतिशतसम्म ढाकेको पाइन्छ । त्यसैले यस्ता फोहरलाई पुन प्रयोगिय फोहर भनिन्छ ।

अस्पताल वा चिकित्साजन्य फोहर भन्नाले अस्पताल, नर्सिङहोम, क्लिनिकमा विरामीलाई जाँच गर्दा, उपचार गर्दा आउने फोहरलाई चिकित्साजन्य फोहर भनिन्छ । यस्ता फोहरहरुबाट रोगको संक्रमन हुनसक्छ। त्यसैले यस्ता फोहरलाई उचित व्यवस्थापन गर्नृ पर्दछ ।

ल्याण्डफिल फोहर भन्नाले अजैविक फोहर जुन पूनः प्रयोग गर्न सकिदैन जुन फोहरलाई ल्याण्डफिल्दमा लगि गाड्नु पर्दछ । काँच, सेरामिकका सामान, प्याकिङ गर्ने झिलझिले, फिलमरोल, ल्यामिनेशन गरेको कागजहरु आदि जुन कूल फोहरमा ५ प्रतिशत पर्दछ। कमश

# मंकाः संघर्ष समितिको अध्यक्षमा पाँगाका जकःमि



संघीय गणतन्त्र नेपालमा पहिचान सहितको नेवाः स्वायत्त राज्यका लागि संघर्ष गर्दै आइको काठमाण्डौं उपत्यकाका आदिवासी नेवाः समुदायको साझा मोर्चा नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिको अध्यक्षको जिम्मेवारी कीर्तिपुर पाँगाका कवि एवं भाषिक कार्यकर्ता तथा ज्यापु महागुथि अध्यक्ष मण्डलका अध्यक्ष राजभाई जकःमिको काँधमा आएको छ ।

नेपाल संवत्को चन्द्रमास अनुसार प्रत्येक महिनामा अध्यक्ष परिवर्तन हुने नियम अनुसार जकःमि नेपाल संवत् ११३४ ञलाथ्व पारु भाद्र १० गतेवाट अध्यक्ष बन्नु भएको हो । उहाँको कार्यकाल अब ञलागा औंसि सम्म हुने छ ।

संविधान निर्माणको अत्यन्तै महत्वपूर्ण समय एवं पहिचान सहितको संघीयताको सवालमा आन्दोलनको तयारी भइरहेको अवस्थामा ज्यापु महागुथिका अध्यक्ष समेत रहनु भएका जकःमि मंकाः संघर्ष समितिको अध्यक्ष बन्नु भएकोले ज्यापु महागुथिलाई अझ थप जिम्मेवारी आएको कुरा सम्वन्धित व्यक्तिहरु बताउछन् ।

ज्यापु महागुथि स्वयं संघीय संरचनामा गइसकेको र पहिचान सहितको संघीयता ज्यापु जातीको अभियान भन्ने मूल नाराका साथ अघी बढ्दै गएको संस्था हो ।

संभवत नेपालको इतिहासमा नै अहिले सम्म संघीय संरचनामा विधान बनाई अघि बढेको संस्था नै ज्यापु महागुथि होला भन्न सकिने अवस्था छ । यस अघि नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिको अध्यक्षता नरेशवीर शाक्यले गर्नु भएको थियो ।


# आवश्यकता

कीर्तिपुर बाहिरी गाँउस्थित कीर्तिपुर मा.वि.को पछाडि रहेको SHEMROCK SIMRIK Int'l Pre-School को लागि २ जना आयाहरुको आवश्यकता परेकोले इच्छुक व्यक्तिले तुरन्त स्कुलमा सम्पर्क राख्नु होला ।

**सम्पर्क नं. ४३३१५७४, ९८४१३५३५२६**

SHEMROCK SIMRIK

## विकल्पको रक्तदान कार्यक्रम सम्पन्न




सामान्यतया सहकारी भन्नाले निक्षेप संकलन र ऋण प्रभाव गरी नाफा कमाउने मात्र सम्झिने गर्छ। हुन पनि हो मुख्य उद्देश्य त त्यही हुन्छ। तैपनि कुनै कुनै सहकारीले समाजसेवामा पनि विशेष ध्यान दिने गरेको छ।

यसै सन्दर्भमा कीर्तिपुर नयाँबजार तगःवपिस्थित विकल्प सहकारी संस्था लि. ले हरेक वर्ष रक्तदान कार्यक्रमको आयोजना गरिदै आएको। उक्त संस्थाको वार्षिक कार्यक्रम अन्तर्गत २०७१ भाद्र ७ गते शनिवार नगाउँ दोबाटो, तःगःवपि क्षेत्रमा विहान १० बजेदेखि २ बजेसम्म रक्तदान कार्यक्रम सम्पन्न गरिएको छ।

उक्त रक्तदान कार्यक्रममा ६४ जना पुरुष र २१ जना महिला गरी ८५ जनाले रक्तदान गर्नु भएको थियो। रगत संकलन कार्यक्रममा ब्लड बैंकबाट ५ जनाको टोली सहभागी थियो। उक्त रक्तदान कार्यक्रममा विकल्प सहकारी संस्था लि.का पदाधिकारी लगायत नेपाल रेडक्रस सोसाइटी कीर्तिपुर शाखा तथा ओनस नेपालका स्वयंमसेवकहरुको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा महानगरीय प्रहरी प्रभाग कीर्तिपुर लगायत विभिन्न व्यक्ति र व्यक्तिहरुले आर्थिक तथा भौतिक सहयोग गर्नु भएको थियो। सहयोगीहरुलाई विकल्प सहकारीले धन्यवाद ज्ञापन गरेको थियो।

## एनटिसी टावर थप्न हस्ताक्षर संकलन बुझाए
## पर्यटन पुस्तकालय स्थापना गरिने

कीर्तिपुर। कीर्तिपुर नगरपालिका वडा नं. १, २, ३, ४, ५, ६ र १७ गरी सातवटा वडाहरुमा नेपाल टेलिकमको मोवाइल सेवाको टावर नटिप्ने समस्याले सेवाग्राहीले भोग्दै आएको समस्यालाई मध्यनजर गर्दै कीर्तिपुर गाइड एसोशियसन, पर्यटन सूचना केन्द्रले हस्ताक्षर संकलन गरी नेपाल टेलिकम, कीर्तिपुर शाखामा बुझाएको छ। सूचना केन्द्रको कार्यालय रहेको चिथु टोल, तःननि, भरियाँपुखुसी र बाघभैरव स्थानलगायत क्षेत्रहरुमा नेपाल टेलिकमको मोवाइल सेवा अत्यन्त न्यून भएकाले बिटिएस टावरको क्षमता बृद्धि गर्न माग एवं अनुरोधसहित संकलित हस्ताक्षरसहित कीर्तिपुर शाखामा निवेदन बुझाएको र पुल्चोकस्थित मोवाइल सेवा निर्देशनालयमा समेत बुझाइने सूचना केन्द्रले जनाएको छ।

साथै पर्यटन सूचना केन्द्रद्वारा पर्यटकहरुका लागि कीर्तिपुरको बारेमा जानकारी दिन पर्यटन पुस्तकालय स्थापना गर्ने तयारी गरिरहेको पनि जनाइएको छ।

## कीर्तिपुर गाइड एसोशियसन
## पर्यटन सूचना केन्द्र, कीर्तिपुरको

### सूचना

यस कीर्तिपुर गाइड एसोशियसन, पर्यटन सूचना केन्द्र, कीर्तिपुरको प्रथम वार्षिकोत्सवको अवसरमा यहि २०७१ सालको शुभ बिजया दशमीको पावन उपलक्ष्यमा '**पर्यटन सन्देश स्मारिका**' प्रकाशित हुने सहर्ष जानकारी गराउँदै पर्यटनसम्बन्धी लेख, रचना तथा विज्ञापन प्रकाशित गर्न चाहनुहुने महानुभावहरुले यस संस्थाको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

साथै कीर्तिपुर नगर क्षेत्रका पुराना गाइड तथा गाइडसम्बन्धी तालिम हासिल गर्नुभएका महानुभावहरुले आफ्नो व्यक्तिगत विवरण यस संस्थालाई उपलब्ध गराई सहयोग गर्नु हुन विनम्र अनुरोध गरिन्छ।

**कीर्तिपुर गाइड एसोशियसन**
**पर्यटन सूचना केन्द्र**
चिथु, कीर्तिपुर।
फोन नं. ४३३४८१७
इमेल : kirtipurguide98@gmail.com

# भावपूर्ण श्रद्धाञ्जली



**बुदिं : ने. सं. १०४४**



दिवंगत मानकुमारी महर्जन (यलय् तमां)

**मदुगु : ने. सं. ११३४ गुँलागा तृतीया**



थुगु पद्मकाष्ठपुर बचत कोषया दुजः व थांबहाः त्वाःया जिमी स्याःन्याम्ह पासा भाजु मंगलमान महर्जन नापं किजा भाजु कान्छा महर्जनया ममतामयी मां **मयूजु मानकुमारी महर्जन (यलय् तमां)** वंगु ने. सं. ११३४ गुँलागा तृतीया (वि. सं. ०७१ साउन २८ गते बुधवाः) खुन्हु मदुगुलिं थुगु कोषया सकल जः/दुजःपिनीपाखें दिवंगत आत्मा सुखावती भुवनसं वास लायेमा धकाः कामनायासें दुःखंकःपिं छेँजःपिन्सं नुगः चिइफयेमा धकाः विचाः हायेका च्वना।

## पद्मकाष्ठपुर बचत कोष
बाघभैरवस्थान, कीर्तिपुर।

# नेवाः स्वायत्त राज्य अभियान ज्यापु महागुथिद्वारा तिब्र अभियान





पहिचान सहितको संघीयता ज्यापु जातीको अभियान भन्ने मुल नाराका साथ आफ्नो गतिविधि गर्दै आएको ज्यापु महागुथिले पछिल्लो समयमा पहिचान सहितको संघियताको सवालमा अभियानलाई तिब्रता दिइएको छ ।

यसै क्रममा ज्यापु महागुथि केन्द्रीय समितिको आयोजनामा गत भदौ ७ गते शनिवाः राजधानीमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम आयोजना गरियो । ज्यापु महागुथि अध्यक्ष मण्डलका अध्यक्ष राजभाई जकःमिको सभापतित्वमा महासचिव न्हुच्छेकाजि महर्जनले सो कार्यक्रम संचालन गर्नु भएको थियो । सो प्रशिक्षक प्रशिक्षण कार्यक्रममा केन्द्रीय सदस्य र विभिन्न क्षेत्रका अध्यक्ष र सचिवहरुको सहभागीता रहेको थियो । सो कार्यक्रममा कीर्तिपुर नगरवाट करिव आधा दर्जन ज्यापु महागुथिका प्रतिनिधिहरु सहभागी भएका थिए ।

कार्यक्रममा संघीय लिम्बुवान पार्टी नेपालका उपाध्यक्ष खगेन्द्र माखेमले अव पहिचान सहितको संघीयताका लागि लिम्बुवान निर्णायक आन्दोलन गर्न तयार रहेको समेत बताउनु भयो । लिम्वुवान पक्षधर ५ राजनीतिक पार्टी एकीकरण गर्नुको प्रमुख कारण भनेकै पहिचान सहितको संघीयताको मुद्दालाई लिएर आन्दोलन गर्न र लिम्बुवान प्राप्त गर्नका लागि भएको समेत बताउनु भयो ।

कार्यक्रममा प्रमुख प्रशिक्षक नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समिति सचिवालय संयोजक मल्ल के सुन्दरले अहिलेको अवस्थामा प्रमुख राजनीतिक दलका नेताहरुले क्षेत्री बाहुन समुदायको मात्र प्रत्येक प्रदेशमा बहुमत हुने र आफूहरुले मात्रै राज गर्नका योजनाबद्ध रुपमा षडयन्त्र गरिरहेको अवस्थामा सचेत हुनुपर्ने बताउनु भयो । उहाँले समावेशी, समानुपातिक प्रतिनिधित्व र संघीयताको मुद्दालाई बोक्दै आदिवासी जनजातिहरु अगाडी बढिरहेको बैधानिक लडाई भएको समेत बताउनु भयो ।

मल्लले अहिलेको अवस्थामा आदिवासी जनजाति र नेवाः समुदायले निर्णायक आन्दोलन गर्नुपर्ने बताउनु भयो । आन्दोलनमा उत्पीडित समुदायको एकीकृत आन्दोलन गर्न आन्तरिक तयारी भइरहेको समेत बताउनु भएको थियो । यसै वीच आउदो शनिवार भाद्र १४ गते कीर्तिपुरमा ज्यापु महागुथि कीर्तिपुर नगर समितिको आयोजनामा प्रशिक्षण कार्यक्रम हुने भएको छ । त्यसै गरि ज्यापु महागुथिको विभिन्न स्थानमा रहेका क्षेत्रीय समितिहरुको अयोजनामा भदौ महिना भित्र नै नेवाः स्वायत्त राज्यका लागि विभिन्न किसिमका कार्यक्रमहरु आयोजना गर्ने तयारी भइरहेको ज्यापु महागुथिले जनाएको छ ।

## ज्यापु महागुथि किपू नगर समितिया ब्वना–पौ

ज्यापु महागुथि किपू नगर समितिया ग्वसालय् नेवाः स्वायत्त राज्यया नितिं जुइगु नेवाः जागरण प्रशिक्षण ज्याभ्व्लय् सकल ज्यापु महागुथिया जः दुजःपिन्त थ्व हे पौपाखें ब्वना च्वना । छिगू ब्वना पौ छ्वया हये धुनागु दु । छुं जुया ब्वना पौ मथ्यंसा थुकियात हे आधिकारीक ब्वना पौया रुपय् नाला ज्याभ्व्लय् भ्रायादीत इनाप यानाच्वना ।

**ज्याभ्व्ः**

**तिथिः** ने. सं. ११३४ ञंलाथ्व पञ्चमी सनिवाः
(२०७१ भाद्र १४ गते शनिवाः)

**ईः** सुथसिया ७:३० ता इलय्

**थाय्:** कीर्तिपुर पार्टी प्यालेस, न्हूबजाः किपू




**हैन — त — ! —** **निरज**




बाढी पैरो पीडीत राहतको लागी लिस्ट लेख्या हइन,
**गिनीज बुक अफ वोल्ड**
रेकर्डमा दर्ता गर्न पीडीतहरुको नाम लेख्या ।

# योग र धर्म



**सोनेलाल साह**
B.A.M.S.Final phase
आयुर्वेद क्याम्पस, कीर्तिपुर

धर्मको वास्तविक व्यवहारिक रुप योग हो। गोगको विभिन्न साधनका अभ्यास बिना अरु कुनै पनि उपायले धर्म हुँदैन भने पनि हुन्छ । धर्म प्राप्तिका लागि मानिसले गर्नु पर्ने केही कार्यहरु छन् भने केवल एउटै छ, त्यो हो योग। धर्म यस्तो एक परम पवित्र शाश्वत सनातन शक्ति हो । जसले विश्व ब्रम्हाण्डलाई नै धारण गर्दछ, जसबाटै सृष्टि, स्थिति र संहार भइरहन्छ। यस्तो विशुद्ध सर्वव्यापक सर्वसिद्ध तथा सबैलाई समानरुपले ग्रहण गर्ने, समानरुपले लागु हुने शक्तिलाई मानिसले तुच्छ स्वार्थसिद्धिका लागि मत, सम्प्रदाय र वादको घेरोले घेरी मानिसलाई सङ्कीर्णताको डोरीले बाँधेर धर्मको नाममा विशेषण थपेर धर्मलाई धमिलो पारिरहेका छन् । फलतः आज मानिस वास्तविक धर्मबाट विमुख हुन गई अनेकन दुःख, चिन्ता र पीडाको भूमरीमा परेर छटपटाइरहेका छन् । मन्दिर, मस्जिद, गिरिजा, चैत्य, गुरुद्वार तथा अनेकन पवित्र तीर्थस्थलहरुलाई धमिल्याएर एकातिर शोषण गरिरहेका छन् भने अर्कातिर धर्मको नाममा युद्ध, आतङ्क, हत्या, लूटजस्ता विभत्स कार्य गरेर मानिसको जीवन नै त्रस्त पारिरहेका छन् । योग यस्तो शास्वत, सनातन धार्मिक साधन हो, जसले पृथ्वी तलका सम्पूर्ण मानवलाई भेद नराखी एक सूत्रमा बाँधेर सत्यतर्फ उन्मुख गराउँदछ, सच्चा धार्मिक बनाउँदछ, सदा आनन्द मग्न तुल्याएर मनुष्य जीवनलाई सार्थक तथा सफल पार्दछ। योगको साधनामा लाग्ने मानिसले अन्य कुनै प्रकारको धार्मिक कार्य गर्नुपर्दैन । योगाभ्यासदेखि बाहेक वास्तवमा अरु धर्म केही छँदा पनि छैनन् । योगले भन्दछ- सूखमय जीवन यापन गर्नका लागि सबैले शरीरलाई स्वस्थ राख्नुपर्दछ। जोसुकै मत, जोसुकै सम्प्रदायका किन नहोस्, शरीर तन्दुरुस्त नभई कोही पनि मानिस सुखी, खुसी र आनन्दी हुनसक्दैन तथा कोही पनि आफ्नो कार्यमा सफल हुन सक्दैन । तसर्थ, सदा, सर्वदा, सबै मानिसका लागि शरीर स्वस्थ राख्नु अनिवार्य छ । के यस्तो सर्वमान्य, सर्वजनहिताय, सर्वजनसुखाय कुरा सत्य धर्म होइन ? शाश्वत सनातन धर्म होइन ? दोश्रो कुरा योगले भन्दछ –स्वस्थ शरीर र शान्त मन विना मानिसले सच्चा शान्ति पाउन सक्दैन । मनलाई स्वस्थ र शान्त राख्नु हर मानिसका लागि अनिवार्य छ, चाहे त्यो मानिस कुनै पनि मत सम्प्रदाय, देश, वर्ण, जाति लिङ्ग, पेसा वा उमेरको किन होस् । यो भन्दा ठूलो धर्म, योभन्दा वास्तविक सत्य सनातन धर्म अरु हुनै सक्दैन। तेस्रो कुरा योगले भन्दछ – आत्मिक सुखशान्ति अर्थात् आनन्दविना मनुष्य जीवन निरर्थक हुन्छ । आत्मिक भनेको आन्तरिक हो, आत्मा भनेको सच्चा आफू हो । शरीर र मनदेखि अलग आत्मा छ। शरीर भनेको आफू बस्ने घर हो । शान्तसँग बस्न घर पनि राम्रो हुनुपर्दछ। शरीर मनलाई स्वस्थ राख्नुको मुख्य अभिप्राय पनि आफ्नै अर्थात आत्माकै लागि हो । आत्मिक सुखशान्ति नचाहने मानिस यस संसारमा कोही पनि छैनन् । सबै आनन्द चाहन्छन् । वच्चा, युवा, बृद्ध, जाति, पेशा तथा मतका किन नहुन्, सदासर्वदा, सदैव सबैलाई आनन्द दिने कुरा वास्तविक धर्म भएन त ? शाश्वत् सनातन धर्म भएन ? वास्तवमा सोच्ने हो भने यिनै कुरा वास्तविक हुन आउँदछन् नकि कुनै मत, सम्प्रदाय, अन्ध विश्वास तथा रुढीवाद ।

सत्य, धर्मका बारेमा मानिसलाई सम्झाई दिएर बुझाई दिएर तिनीहरुलाई दुःख, चिन्ता र अज्ञानको अन्धकारबाट मुक्त गराउन समय-समयमा महा पुरुषहरुको आगमन भयो, भइरहेछ र हुनेछ पनि । हजारौं वर्ष अघिदेखि यस्ता महात्माहरुले करुणावश वास्तविक धर्ममा लाग्न समय, स्थान र परिस्थितिको विचार गरी त्यसबेलाका त्यस स्थानका मानिसले बुझ्ने भाषा र शैलीमा उपदेशहरु दिंदै आउनु भएका छन्। उहाँहरु कसैले पनि कहिल्यै पनि धर्मजस्तो पवित्र कुरालाई मत र सम्प्रदायमा बाँध्नुभएको छैन । तर उहाँहरु जानुभएपछि केही स्वार्थी, धूर्तहरुले वहाँहरुको नाममा धर्मको आडमा मत सम्प्रदाय खडा गरेर मेरो धर्म र तेरो धर्म भनेर अवोध मानिसहरुलाई शोषण गरेर आफ्नो क्षुद्र स्वार्थपूर्ति गर्ने सरल साधन अपनाएका मात्र हुन् । वास्तवमा धर्म एउटा मात्र छ, शाश्वत छ, सनातन छ । धर्म भन्छ– क्रोध नगर, क्रोध गर्नु पाप हो, पाप भन्नु दुःख हो । क्रोधले आफूलाई पनि दुःख दिन्छ, अरुलाई पनि दुःख दिन्छ । धर्म भन्छ– सत्य, दया, क्षमा, अहिंसा पालन गर शान्ति मिल्छ । धर्म भनेको शान्ति हो, आनन्द हो । यसैगरी जोकोहीले पनि सत्य, अहिंसा, दया, क्षमा गर्दछ भने त्यसले सुख शान्ति पाउँछ तथा अरुलाई पनि सुख शान्ति दिन्छ। यही वास्तविक धर्म हो, यही शाश्वत सनातन कुरा हो। यसै प्रसङ्गमा सुनिएको एउटा उपमा :-

हालैको कुरा हो । एकजना पादरी क्रिश्चियन धर्म प्रचार गर्न भनी भारतको कुनै एक प्रान्तमा गएर पुस्तक बाँड्दै थिए। त्यसै बेला एकजना मुल्लाले देखेछन् र ती पादरी लाई गाली गर्न थालेछन्। ती दुईजनाको बीचमा भनाभन हुँदै थियो । एकजना भिक्षु त्यहाँ आइपुगेछन् र शान्ति ! शान्ति ! भन्दै भन्न लागेछन् - हेर भाई हो, कसैको बहकावमा नआऔं, भगवान बुद्धले दिनु भएको धर्म नै सर्वश्रेष्ठ धर्म हो । यसको मात्र पछिलाग । अब त भिक्षु, मुल्ला र पादरी तीन जनाको बीचमा भनाभन हुन थाल्यो, मानिसको भीड पनि बढ्न थाल्यो । त्यो भीड देखेर त्यहीं नजिकैको एकजना मठाधीश पनि आइपुगे ...क्रमश

## साहित्य कविता

# असल सभासद एउटैले पनि



**कवि राम महर्जन**
**नगाउँ, की.न.पा. १६**

गाउँ सहर सबै जिल्ला
काखा पाखा कसैलार्य नगरी
विकास गर्ने इच्छा भए
सभासद सबैलाई सुनौलो मौका

मात्र चाहिन्छ इच्छा शक्ति
साथमा साथ दिने हजारौं होला
मात्र चाहिन्छ निस्वार्थ भाव
काँधमा काँध मिलाउने लाखौं होला।

आकाश भरि चम्केका ताराहरु
पृथ्वी सम्म जुन छर्न नसकेका
सदन भरिका सभासदहरु
जनप्रिय काममा असमर्थ भएका।

नौटंकी नाटक देखाउनेहरु
जनताले सबैलाई चिनीसक्यो
कहिलेसम्म झुठो बोलीमा
यो देशमा रमिता देखाई रहन्छौं

आकास माथिको एउटै सूर्यले
जगत भरि उज्यालो दिन्छ
विस्व भरि शान्तिको सन्देश
एउटै बुद्धले फैलाउन सफल।

आदर्श पुरुष रामलाई सम्झ
अन्याय अत्याचार निर्मुल गर्न
भगवान श्री कृष्णलाई सम्झ
असत्य र झुठालाई समाप्त पार्न

# गजल शौरभ शाक्यया

**गजल-२१**

**थुलि बांलाक म्ये न्यंकल छं**
**जिगु नुगः छत्थुं याउँकल छं ।**

**छंगु म्येया लसय् जि दुना**
**जिगु फुकं पीर ब्यंकल छं ।**

**म्ये व संगीतया गजाःगु संगम**
**जिगु म्हःछिँ तरंगय् हंकल छं ।**

**खुसि लःथैं कलकल सःछंगु**
**न्ह्यइपूगु संसारय् थ्यंकल छं ।**

**म्ये क्वचायेवं जब खंकल छं**
**जि न्ह्यःने दु धकाः लुमंकल छं ।**


तपाईको कविता, लेख तथा विज्ञापन प्रकाशित गर्नका लागि सम्पर्क गर्नुहोला कीर्तिपुर सन्देश

कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**
**फोन नं.: ४३३३००७, ९८४१४०१०७७**
**kirtipur_sandesh@live.com**
http:kirtipursandesh.blogspot.com



# आवश्यकता

यस बाघभैरव टि.भि. लिंक (केबुल)को लागि केही बजार प्रतिनिधिहरु आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले यथाशिघ्र कार्यालयमा सम्पर्क राख्नु होला ।

**स्थानीयवासीलाई विशेष ग्राह्यता दिइने छ ।**

वाघभैरव टि.भि. लिंक (केबुल)
नयाँबजार, पाँगा दोबाटो
कीर्तिपुर-१७, फोन नं. ४३३३०४३

Bagh Bhairab Tv Link



**नयाँ शो रूम खुल्यो**




CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।

युनिक टेलर्स
नयाँबजार, फोन ४३३१०७८






HUAWEI
honor 3C
Fortune 500 Companies
World's No. 1 Telecommunication Solution Provider
World's 3rd largest Smartphone vendor
Remarkable features & exciting offers are much alike. why wait, just grab them.
Just scratch the 'Win-Win Card' available with the purchase of Honor 3C and get amazing free gifts.
Unlimited Excitement
Shoot exciting Panoramic Selfie with 5MP front camera
Powerful & long-lasting
2300mAh battery with 30% more power than any other smartphones
Crisp, Sharp & Smart
8MP Sony BSI Rear Camera with Blue glass filter and Voice Photograph
Vibrant & Rich
Vivid 5" LTPS HD Screen
Fast and Furious
with 2 GB RAM, 1.3 GHz Quadcore CPU
10:08
Mon,Jun 30
Slide to unlock
FREE
QFX
cinemas
for couple
5 million units sold globally & counting
Now available with free Flip Cover & Screen Guard at
Rs. 23,999/-
OFFER VALIDITY:
28th July – 31st Aug 2014
SURE-SHOT GIFTS
HUAWEI ASCEND P6
WORTH RS. 40,000/-
HUAWEI HONOR 3C
WORTH RS. 23,999/-
HUAWEI Y511
WORTH RS. 13,475/-
HUAWEI Y220
WORTH RS. 7,500/-
HUAWEI BLUETOOTH SPEAKER
WORTH RS. 4,000/-
HUAWEI USB DONGLE
WORTH RS. 2,399/-
more info on www.facebook.com/huaweidevicenepal
consumer.huawei.com
AUTHORISED SHOWROOM
MOBILE MARKET N' KLINIC
LOKTANTRIC CHOWK, KIRTIPUR 9801130119
WARRANTY
1 YEAR ON Mobile Phone | 6 MONTHS ON Battery
TOLL FREE 16600100002